मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ | अंक १६ | २०८१ साल मंसिर १० गते सोमबार | Monday 25, November 2024 | सूर्योदय: बिहान ६:३३ बजे | सूर्यास्त: साँझ ५:१२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-


## रवि अझै १५ दिन हिरासतमा



बाँकी पृष्ठ ५ मा

## जनआन्दोलनको तयारीमा आजपा



**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा)को स्थायी कमिटी बैठक सोमबार बस्दैछ । काठमाडौंको कोटेश्वरस्थित पार्टी केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष प्रभु साहको अध्यक्षतामा बस्ने बैठकले आगामी आन्दोलनबारे विभिन्न निर्णय गर्ने बताइएको छ ।

सरकारपिच्छे सरकारको मनोमानी कर आतंक रोक्न, वैदेशिक रोजगार पीडित तथा बैंकिङ लुट एवम् लघुवित्त, सहकारी पीडितलाई न्याय दिलाउन र सरकारी निकायमा भइरहेको खुलेआम लुट एवम् भ्रष्टाचारविरुद्ध सशक्त आन्दोलन उठानसहित दलाल दलतन्त्रविरुद्ध तेस्रो जनआन्दोलनको तयारीका विषयमा बैठकमा छलफल हुने आजपा स्थायी कमिटी सदस्य विजय यादव निर्विजले बताए ।

आजपाले हालै भ्रष्टाचारविरुद्ध मधेश यात्रा कार्यकम गरेको छ । लुट, भ्रष्टाचार एवम् अनियमितताबारे भएको मधेश यात्रा कार्यक्रमको बैठकमा समीक्षासमेत हुने बताइएको छ । अभियान पूर्णरुपमा सफल भएको बताउँदै आजपा अध्यक्ष साहले भ्रष्टाचारविरुद्ध जनजागरण अभियान अन्य प्रदेशमा समेत छिट्टै आयोजना गर्ने उद्घोष गरेका छन् ।

सरकारले मनोमानी कर वृद्धि गर्ने, महंगी नियन्त्रण गर्न नसक्ने, विकासका आयोजना ठप्प भएको अवस्थामा आजपाले काठमाडौमा विरोध प्रदर्शनसमेत गरेको थियो ।

बैठकमा यस विषयमा समेत समीक्षा गर्दै आगामी आन्दोलनका विभिन्न कार्यक्रम तय गरिने आजपाले जनाएको छ । यसैगरी, बैठकले सदस्यता वितरण र संगठन विस्तार पार्टीको आन्तरिक क्षमता अभिवृद्धि, कर आतंकविरुद्ध काठमाडौमा संघर्ष, शिक्षक दरबन्दीको लागि मधेशमा संघर्ष, वैदेशिक रोजगारका ठगविरुद्ध आइटी आर्मीको संघर्ष, बैंकिङ लुटविरुद्ध अन्य प्रदेशमा संघर्षका कार्यक्रमबारे समेत बैठकले निर्णय गर्ने आजपा मुख्य सचिव सिंहले बताए ।

# विवाहपञ्चमीको तयारी शुरु

*विवाहपञ्चमीमा अयोध्याबाट आउने जन्तीका लागि महोत्तरीका मटिहानी र जलेश्वर नगरपालिका तथा पिपरा गाउँपालिकाले जन्तीको स्वागत, खानपान र आवाससहितको प्रबन्ध गर्न तयारी थालेको छ । मङ्सिर शुक्लपक्षमीका दिन मनाइने रामजानकीको विवाह महोत्सवको मध्य विवाहको विधि भने यसपाली मङ्सिर २१ गते शुक्रबार परेको छ ।*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मङ्सिर २१ गते जनकपुरधाममा हुने रामजानकी विवाह महोत्सव अर्थात् विवाहपञ्चमीको तयारी तीव्रगतिमा शुरु भएको छ । विवाहपञ्चमीलाई थप व्यवस्थित, प्रभावकारी र आकर्षक बनाउन प्रचारप्रसारका साथै विभिन्न कार्ययोजनाबद्ध रुपमा शुरु भइरहेको छ ।

मङ्सिर २१ गते मार्गशुक्ल पञ्चमी तिथिमा हुने स्वयम्वर र वैवाहिक कार्यक्रम एवम् त्यसअघिका विवाहपूर्वका विधिविधानमा सहभागी हुन लाखौंको संख्यामा जनकपुरधाममा आउने श्रद्धालु भक्तजन र साधुसन्तका लागि बास, शौचालय, खानेपानी, सुरक्षा तथा अन्य सेवा व्यवस्थापनका विषयमा तयारी भइरहेको छ ।

विवाहपञ्चमी महोत्सवका लागि जनकपुरधाममा विभिन्न पाँच ठाउँबाट ‘डिस्प्ले’का माध्यमबाट महोत्सवबारे जानकारी, महोत्सवका दृश्य विनिमय तथा अवलोकन गराउने, ठाउँठाउँमा प्राथमिक उपचारसहितको स्वास्थ्य शिविर राख्ने, बिरामी तथा चोटपटकका सिकार हुनेको उद्धार तथा उपचारका लागि एम्बुलेन्स तथा निजी एवम् सरकारी अस्पतालमा निःशुल्क उपचारका लागि शय्या व्यवस्था तथा ट्र्मासेन्टर सञ्चालन गरिने भएको छ ।

औषधिसहित रेपिड रेस्पोन्स टिम परिचालन गर्ने, विभिन्न स्थानमा खाने तथा अन्य प्रयोजनका लागि पानीको आपूर्ति मिलाउने, अघिल्ला वर्षभन्दा बढी संख्यामा सफाइकर्मीसहित शौचालय व्यवस्थापन गर्ने, सडक बत्तीको व्यवस्थापन गर्ने र सिसिटिभी तथा ड्रोनबाट संवेदनशील ठाउँका गतिविधि निगरानी गर्नेलगायत अन्य कार्यको तयारी भइरहेको जनाइएको छ । महोत्सव तयारी गर्ने कार्यको बाँडफाँड सकिएको छ ।

जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री सतिशकुमार सिंहको अध्यक्षतामा बसेको बैठकमा विवाहपञ्चमी महोत्सवलाई भव्य एवम् व्यवस्थित बनाउन तीनै तहका सरकारले गर्नुपर्ने कार्यका बारेमा निर्णायक छलफल भएको थियो । बैठकमा तीनै तहका सरकारले दोहोरो नहुने गरी मितव्ययी ढङ्गले महोत्सवको व्यवस्थापकीय सहकार्य गर्ने विषयमा छलफल भएको प्रदेश सरकारका प्रमुख सचिव लोकनाथ पौड्यालले बताए ।

उनले बैठकका आधारमा महोत्सवको तयारी भइरहेको बताए ।

विवाहपञ्चमी महोत्सव वैवाहिक कार्यक्रमका लागि उपयोग हुने जानकी मन्दिर परिसर, बाह्रबिघा र मणिमण्डप क्षेत्र तथा त्यहाँसम्मका बाटोमा भीड व्यवस्थापन, पसल सञ्चालन र सरसफाइलगायत कार्यमा बढी जोड दिइने बताइएको छ । महोत्सवका लागि सुरक्षा निकायले संयुक्त कार्ययोजनाका आधारमा सैयौँको संख्यामा सादा पोसाकसहितका सुरक्षाकर्मी परिचालन गर्नेछन् । वैवाहिक कार्यक्रममा अयोध्याबाट आउने पाँच सयभन्दा बढी जन्तीको आवास तथा भोजनका लागि विशेष व्यवस्था मिलाउने तयारी भइरहेको छ ।

नेपाल र भारतका विभिन्न स्थानबाट दर्शन गर्न आउने भक्तजनलाई कुनै प्रकारको असुविधा नहुन दिन जानकी मन्दिर व्यवस्थापनले जोड दिएको छ । मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले बताए ।

यसैबीच जनकपुर सडक डिभिजन कार्यालयले जनकपुर नगरभित्रका सडक मर्मतसम्भार कार्य अगाडि बढाएको कार्यालयका इ. दीपक झाले जानकारी दिए । त्रेतायुगमा भएको रामजानकी विवाहलाई जीवन्त राख्न जनकपुरधाममा प्रत्येक वर्ष विवाहपञ्चमी पर्व मनाउने गरिन्छ ।

त्यसैगरी विवाहपञ्चमीमा अयोध्याबाट आउने जन्तीका लागि महोत्तरीका मटिहानी र जलेश्वर नगरपालिका तथा पिपरा गाउँपालिकाले जन्तीको स्वागत, खानपान र आवाससहितको प्रबन्ध गर्न तयारी थालेको छ । मङ्सिर शुक्लपक्ष्मीका दिन मनाइने रामजानकीको विवाह महोत्सवको मध्य विवाहको विधि भने यसपाली मङ्सिर २१ गते शुक्रबार परेको छ ।

## कृपालुजी महाराजकी जेठी छोरीको दुर्घटनामा मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जगतगुरु कृपालुजी महाराजकी जेठी छोरी विशाखा त्रिपाठीको आइतबार भारत, नोयडाबाट मनगढ फर्कनेक्रममा कार दुर्घटनामा परेर मृत्यु भएको छ ।

दुर्घटनामा उनकी दुई बहिनी कृष्णा र श्यामा गम्भीर घाइते भएका छन् । निधनको खबरपछि शिष्य रामनरेश पाण्डे, रामजी साहलगायत जनकपुरका शिष्यजनले दुःख व्यक्त गरेका छन् ।

## पत्रकार यादवको धानबाली लुटपाट प्रयास



**मधेशदृष्टि**
**सप्तरी ।**
रुपनी गाउँपालिका–१ का पत्रकार नर्मदेव यादवले लगाएको धानबाली लुटपाटको प्रयास भएको छ । स्थानीय जोगिन भनिने योगेन्द्र यादवको नेतृत्वमा रहेको ९–१० जनाको समूहले आइतबार पत्रकार यादवको धानबाली लुटपाट प्रयास गरेको हो ।

साविक रायपुर–८ (ख) कित्ता नम्बर ६९ क्षेत्रफल ६ कट्ठामा लगाइएको धानबाली छिमेकी योगेन्द्रको नेतृत्वमा आएको समूहले लुटपाटको प्रयास गरेको पत्रकार यादवले बताए । लुटेरा समूह धानखेतमा पसेर धान काटेर लैजान थालेपछि प्रहरीलाई खबर गर्दा इलाका प्रहरी कार्यालय रुपनीका इन्चार्ज प्रहरी नायब निरीक्षक पुलकित यादवको नेतृत्वमा प्रहरी टोली पुगेर उनीहरूलाई धान काट्न रोकेको पत्रकार यादवले जानकारी दिए ।

प्रहरीले धान नकाट्न र छलफलका लागि इलाका प्रहरी कार्यालय रुपनीमा दुवैपक्षलाई उपस्थिति हुन भनेपछि गएका बेला केही समूहले प्रहरीको आदेशलाई समेत अटेर गरी धान काटेर लगेको यादवले बताए । लुटेरा समूहले २ कठ्ठा बराबरको धान लुटपाट गरेर लगेको उनको आरोप छ ।

इलाका प्रहरी कार्यालयको आग्रहलाई बेवास्ता गरी धान काट्न थालेपछि जिल्ला प्रहरी प्रमुख एसपी ढकेन्द्र खतिवडा र प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई घटनाबारे जानकारी गराएपछि मात्र लुटेरा समूह पछि हटेको पत्रकार यादवले बताए । समूहका नाइके योगेन्द्रसहित इलाका प्रहरी कार्यालयमा उपस्थित भएकाले यसबारे छलफल भइरहेको उनले जानकारी दिए । पत्रकार यादवका अनुसार जग्गा योगेन्द्रकामा ९ वर्षअगाडि बन्धकी राखेर ३ लाख ४० हजार रुपैयाा ऋण लिइएको तथा ऋण चुक्ता गर्दासमेत जग्गा फिर्ता गर्न आलटाल भएको हो । मुद्दा मामला र गाउँसमाजको पटकपटकको प्रयासमा जग्गा फिर्ता दिन तयार भएर साँवा ब्याजसहित १० लाख २१ हजार रुपैयाँ

बाँकी पृष्ठ २ मा




# ड्रागन फ्रुट' बेच क वार्षिक १५ लाख कमाइ

**सिन्धुपाल्चोक ।**
साँगाचोकगढी नगरपालिका–१४ डडुवा निवासी ओमबहादुर बस्नेत अपनेसँ शुरु कएल 'ड्रागन फ्रुट' खेतीसँ गजब आम्दानी भेलाक बाद खेती विस्तारके योजना बनौलैन अइछ । छ रोपनीमे शुरू कएल खेती देखबैत ओ स्वदेशमे मेहनत करबाक लेल युवासभकेँ आग्रह करैत छैथ । बजारमे ड्रागन फ्रुटके उच मांग भेलासँ मांगअनुसार आपूर्ति करबाक लेल हमरासभक अपसियात भेल रहै छी, ओ कहलैन ।

विदेश जाएलेल होएबला खर्चासँ अपने गामघरमे ड्रागन फ्रुट खेती केलापर वार्षिक १२ सँ १५ लाख टकाधैर कमाएल जा सकबाक हुनक सुझाव अइछ । कोनो मौसम आ माइटमे ई फल उत्पादन भ सकबाक बतबैत ओ युवाकेँ स्वदेशमे श्रम करबाक लेल सुझाव देलैन । वर्षके दूबेर उत्पादन होएबला ड्रागन फ्रुट प्रतिकिलो पाँच सओ टकासँ बेसीमे बिक्री भ रहल अइछ ।

चौतारा साँगाचोकगढी नगरपालिका ड्रागन फ्रुटखेतीकेँ प्रोत्साहन करबाक लेल तारबार लेल चाइर लाख टका सहयोग केलक अइछ । एकबेर गाछ लगेबाक बाद समय–समयमे सामान्य कमौनी आ पटौनी बाहेक कोनो काज नै कर परत आ रोपल दू सालक बाद लगातार लम्बा समयधैर फल दैत रहत । खेतीबालीके तुलनामे एकर खेतीसँ प्रशस्त आम्दानी होबाक ओ बतौलैन ।

# भारतके तरकारीक कारण नेपाली किसान समस्यामे

**सुनसरी ।**
देवानगंज गाउँपालिका–३ क अजय मण्डल तीन कठ्ठामे बन्दाकोबी रोपने छैथ । मजदुरके अभाव, समयमे मलखाद नै पाएब, वर्षासङे आएल बाइढ़के समस्याक बादो ओ ५० हजार टकाके लागतमे तरकारी खेती केलैन । मुदा मण्डलकेँ उचित दाममे बेचबा ल समस्या भ रहल अइछ ।

भारतमे उत्पादित तरकारी अइठाँम सस्तामे बिक्री होबाक कारणेँ स्थानीय किसानकेँ तरकारीके उचित दामो नै मिल रहल अइछ । नेपालमे उत्पादन लागत भारतके तुलनामे बेसी रहलासँ तरकारीके दाम भारतीय तरकारीसँ महँग अइछ । भारतमे सस्तामे बीज तथा मलखाद उपलब्ध भेलासँ उत्पादन लागत कम छै । तँए हुनकासभके तरकारी सस्तामे बिक्री भ रहल स्थानीय किसान गुलाबचन मेहता बतौलैन ।

'नेपालमे मलखाद, बीउबिजनसँ सिँचाइतक महँग अइछ तँँए भारतीय तरकारीसङ प्रतिस्पर्धा कोना करब ?,' ओ कहलैन । इनरुवा–४ क रामदेव मेहता दैनिकरूपमे भारतसँ आबैबला तरकारीक कारण स्थानीय उत्पादन बिक्री करबाक लेल समस्या भ रहल कहलैन ।

एखन भारतसँ आएल बन्दाकोबी प्रतिकिलो २० सँ ३० टकामे बिक्री भ रहल अइछ । नेपाली किसानकेँ वएह दाममे बिक्री कएलापर लगानीयो टा उपर नै हएत स्थानीय किसान चन्दन मेहता बतौलैन । देवानगञ्ज बजारमे भारतसँ अबैबला तरकारीके मात्रा बढ़लाक बाद अइठाँमक किसानद्वारा उत्पादित तरकारीके दाममे कमी भेल अइछ ।

भारतसँ सस्तामे आलु, पियाज, टमाटर, कोबी, बोडी, भण्टा आ साग बजारमे अनलासँ स्थानीय उत्पादनके समस्या भेल किसानसभहक कहब छैन । उत्पादन कएल तरकारीक उचित दाम नै भेटलासँ लगानी डुबबाक सङे तरकारीखेतीकेँ निरन्तरता देबामे कठिन रहल किसानसभ बतौलैन । भारतसँ आयातित तरकारीमे कड़ाइ करबाक लेल तथा स्थानीय उत्पादनकेँ प्रोत्साहन करबाक लेल स्थानीय तह सङ किसान मांग केलक अइछ ।

# कृषि क्षेत्र उपेक्षित भेल महोत्तरीक मतदाताक उपराग



**महोत्तरी ।**
स्थानीय तह उपनीर्वाचनके अन्तमे भोट मांगबाक लेल घरघर पहुँचल विभिन्न राजनीतिक दलक नेतासङ महोत्तरी रामगोपालपुर–२ क मतदाता कृषि क्षेत्र राज्यसँ उपेक्षित भेल उपराग व्यक्त केलैन अइछ ।

भोट मांगैत घरघर पहुँचल दलके नेतासभसँ बस्तीक किसान अपन समस्या कोनो तहके सरकार समाधानक प्रयास नै केलक कहलैन । उम्मेदवार अपने गामघरके भेलोपर हुनकासभक लेल मत मांगै लेल एखन विभिन्न दलक केन्द्रीय नेतासभ एलाक बाद अपन सुविधा आ सहुलियतबारे उपरका तहके नेतासङ मतदाता अपन धारणा व्यक्त केलैथ । 'अइठामँक ९० प्रतिशत बासोबासी खेतीमे लागल छी, मुदा खेतमे सिँचाइक सुविधा नै अइछ, समयमे बीज आ मलखाद सेहो नै भेटैए,' वाडक अगुवा किसान मोहम्मद कादिर हुसैन कहै छैथ, 'भोट मांगैबला सब नेतासँ इएह समस्या कहै छी ।'

रामगोपालपुर–२ मे एखनधैर नेपाली कांग्रेसक महामन्त्री, नेपाल कम्युनिष्ट पार्टी (एमाले)क पोल्युटब्यूरो आ केन्द्रीय सदस्य एबं मधेश प्रदेश कमिटीक पदाधिकारीसभ आ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)क वरिष्ठ उपाध्यक्षसहित केन्द्रीय पदाधिकारी अपन दलके उम्मेदवारकेँ भोट देबाक लेल मतदातासँ आग्रह करैत किसानक समस्याप्रति अपनासभ गम्भीर छी कहलैन ।

इएह अगहन १६ गते रामगोपालपुर–२ चुनावमे दलक सात गोटे आ ११ स्वतन्त्र क १८ गोटे उम्मेदवार प्रतिस्पर्धाक रहल अइछ । ई वाडमे दू हजार एक सओ ४१ मतदाता अइछ । वाडध्यक्ष मुकेश कुमार यादवके निधन भेलाक बाद खाली पदमे उपनिर्वाचन भ रहल अइछ ।

# पाँच महिनामे ५५ गर्भवती तथा परसौतीके उद्धार

**काठमाण्डू ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय विगत पाँच महिनामे दुर्गम क्षेत्रमे जान जोखिममे रहल गर्भवती तथा परसौतीक लेल हवाइ उद्धार कार्यक्रमअन्तर्गत ५५ गर्भवती तथा परसौतीके उद्धार केलक अइछ ।

राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाई वितल साउनसँ कातिक तकमे ४८ गर्भवती तथा परसौतीके उद्धार कएल महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुड़ी जानकारी देलैन । मन्त्रालय सड़क बालबालिकामुक्त नेपाल बनेबाक अभियानअन्तर्गत स्थानीय तहसङ सड़क बालबालिकाके तथ्याङ्क मांग केलक अइछ । विभिन्न १० स्थानीय तहमार्फत जमा ५६ सड़क बालबालिकाके तथ्याङ्क आएल जाहिमे राष्ट्रिय बालअधिकार परिषद्मार्फत पुनःस्थापना संरक्षण तथा व्यवस्थापनके प्रक्रिया आगु बढ़ाएल गेल अइछ ।

पाँच महिनाके अवधिमे एक हजार ६ सओ ८१ हराएल बालबालिकामध्ये एक हजार चाइर सओ ४६ गोटेकेँ खोज क पारिवारिक पुनर्मिलन कएल गेल मन्त्री सुड़ी बतौलैन । सङ्घीय एक निकाय प्रादेशिक इकाई तथा बाल सुधारगृहके व्यवस्थापनक लेल तैयारी करबाक सङे बालबालिकासम्बन्धी ऐन, २०७५ संशोधनक लेल मस्यौदा मन्त्रिपरिषद्मे पेस करबाक तैयारी भ रहल ओ बतौलैन । मन्त्रालय मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ संशोधन विधेयकके मस्यौदा आ मानव बेचबिखनविरुद्धके राष्ट्रिय नीति, २०८१ के मस्यौदा मन्त्रिपरिषद्मे पेस करबाक सेहो तैयारी केलक अइछ ।

वितल अखार ३१ गतेके मन्त्रिपरिषद्के निर्णयबमोजिम अगामी २०८२ अखार मसान्तधैरमे नेपालकेँ सड़क बालवालिकामुक्त बनेबाक सम्बन्धमे सरोकारवला आ स्थानीय तहसङ समन्वय तथा सहकार्यमे काज भ रहल मन्त्रालय जनौलक अइछ । बालबालिकामे भेल लगानीके लेखाजोखा करबाक लेल 'बजेट कोड' तैयार करबाक सम्बन्धमे तैयारी भ रहल आ बालबालिकासम्बन्धी ऐन, २०७५ के संशोधनके लेल सरोकारवालासङ सुझाव सङ्कलनके काज भ रहल तथा मस्यौदा तैयारी करबक क्रममे रहल मन्त्रालय जनौलक अइछ ।

# बीएण्डसीमे एमबीबीएस पठनपाठनके तैयारी

**झापा ।**
राष्ट्रिय चिकित्सा शिक्षा आयोगसँ स्वीकृति प्राप्त झापाके बीएण्डसी मेडिकल कलेज चिकित्सा शास्त्रअन्तर्गत एमबिबीएस (स्नातक तह)के पठनपाठनक तैयारी पूरा केलक छ ।

सर्वोच्च अदालत २०८० चैत १३ गते बीएण्डसी मेडिकल कलेजकेँ सम्बन्धन देबाक परमादेश जारी केलक । उएह परमादेशक आधारमे काठमाण्डू विश्वविद्यालय सम्बन्धन देलक अइछ । चिकित्सा शिक्षा आयोग चालु शैक्षिकसत्रक लेल बीएण्डसीकेँ ५० विद्यार्थी पढ़ेबाक लेल सिट निर्धारण केने छल । हाल नियमानुसार विद्यार्थी भर्ना भ रहल कलेजक जनसम्पर्क अधिकृत प्रमेश गिरी बतौलैन ।

पहिल वर्षमे ५० विद्यार्थीकेँ अध्यापन करेबाक लेल कलेज आवश्यक जनशक्ति, भौतिक पूर्वाधार आ शैक्षिक सामग्रीके व्यवस्था क चुकल ओ बतौलैन । कलेज मेचीनगर नगरपालिका–१२ धाइजनमे विद्यार्थीकेँ पठनपाठन करेबाक लेल पाँचटा 'बेसिक साइन्स ब्लक' तैयार केलक अइछ त 'क्लिनिकल साइन्स' अध्यापनक लेल विर्तामोड नगरपालिका–५ स्थित बीएण्डसी हस्पिटलमे व्यवस्था मिलाएल गेल जनसम्पर्क अधिकृत गिरी जानकारी देलैन ।

# पत्रकार यादवको धानबाली...

योगेन्द्रका बुवा रामदेव यादवका नाममा रहेको बैंक खातामा पैसा जम्मा गर्दासमेत जग्गा फिर्ता नगरेको पत्रकार यादवले बताए ।

उनले त्यसपछि योगेन्द्र यादवले रुपनी गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवलाई छलफल गरिदिन भनेपछि पुरानै शर्तअनुसारको जग्गा फिर्ता गर्ने सहमतिअनुसार योगेन्द्रको बुवालाई ५ लाख रुपैयाँ दिइएको बताए । 'गाउँपालिका अध्यक्ष यादवको रोहबरमा भएको सहमतिकै आधारमा मालपोत कार्यालयमा ९ लाख ९५ हजार रुपैयाँको लिखत कागज गाराएँ,' उनले भने, 'योगेन्द्रको घरमा पुगेर कागज देखाएँ, रकम बढी भयो ३ लाख ५० हजार रुपैयाँको बनाएर ल्याउन भनेपछि फेरि सोहीअनुसारको २०८१ साउन १५ गते लिखत गराएर ल्याएँ तर उनले त्यसलाई पनि इन्कार गरे ।'

नयाँ सिडिओ आएको मौका छोपी योगेन्द्रले शान्तिसुरक्षाको तोकआदेश गराइ जिल्ला प्रहरी कार्यालयबाट छलफलको पत्र लिएर गएर छलफल नै नबसी जबर्जस्ती धानबाली काटेर लैजान खोजेको उनको आरोप छ । जग्गा बैमानी गर्ने नियत योगेन्द्रले देखाएपछि जिल्ला प्रहरी कार्यालयमा मिटरब्याजी जाहेरी खिँदा बेन्चले छलफलका लागि पटकपटक आउन आदेश गर्दा उपस्थित नभएको पत्रकार यादवले जानकारी दिए । आरोपित योगेन्द्रले धान काट्न गएको स्वीकार गर्दै आफू आफ्नै खेतमा लगाएको धान उठाउन गएको बताए । पत्रकार यादवले आफूमाथि लगाएको आरोप निराधार रहेको बताउँदै उनले धानबाली भएको खेत आफ्नो भएको दाबी गरे ।

# लुम्बिनीको प्राचीन सम्पदा जोखिममा

**लुम्बिनी ।**
बुद्धका प्रतापी र सन्तीय गाथाहरु सुन्दै हुर्केका ६० वर्षीय हुसेनी लोधले किशोरावस्थामा मायादेवी मन्दिरमा देखेका प्राचीन मूर्ति र चीजवस्तुहरू खोज्दै गरेको वर्षौं बित्न लाग्यो । मनोलोकबाहेक उनले ती मूर्ति र चीजवस्तुहरुको साक्षात्कार गर्न सकेका छैनन् ।

प्राचीन मन्दिरभित्र रहेका मूर्तिहरूको दर्शन गर्ने उहाँको आश यत्तिका वर्षमा सेलाएर गएको छ । 'अब सायद कहिल्यै ती मूर्तिहरु लुम्बिनीको पवित्र माटोमा फर्किदैनन्,' चिन्ता गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिका–३ का हुसेनीले दुःखेसो पोखिन् । मूर्ति खोजी गर्ने आतुरताले हुसेनीको मनमा दिएको सन्तापको यो अन्तिम कारण भने होइन । प्राचीन मन्दिर भत्काइनुअघि सन् १९९२ सम्म मन्दिर परिसरमा रहेको 'बोधीवृक्ष' र मन्दिरमा प्रयोग भएका प्राचीन ईँटा पनि उनले देखेकी छैनन् ।

त्यहाँ पुरानै दृश्यको झल्को दिने गरी नयाँ मन्दिर ठड्याइएको छ । बुद्ध गर्भस्थ रहँदा र जन्मेपछि पनि मायादेवीले स्नान गर्नुभएको पुस्कारिणी पोखरीलाई सिङ्गारिएको छ । सम्राट अशोकले ठड्याउनु भएको अशोक स्तभले बुद्ध जन्मस्थललाई पहिचान गराउँदैछ । उनले मायादेवी मन्दिरमा बिहानबेलुका बज्ने घण्टा र शंखध्वनिको आवाज सुनेर मन खुसी गराउन पाएकी छैनन् । उनले आफूले सानो उमेरमा देखेका थुप्रै प्राचीन मन्दिर फेरिएको बताइन् । 'धार्मिक झल्को दिने पूजापाठ, मूर्ति र चीजवस्तुरु नहुँदा मन्दिरमा रौनकता छैन,' पण्डित युगुलकिशोर त्रिपाठीले भने, 'नयाँ ठड्याइएको मायादेवी मन्दिर र अनाधिकृत रुपमा निर्मित गजुरमाथि देखिने असंख्य परेवाहरुले त्यहाँ शान्तिको सौम्यतालाई होइन, अनमोल सम्पदाहरु हराइरहेको ढोंग र क्रुरतालाई प्रकट गरिरहेको आभास दिएको छ ।'

लुम्बिनी उपवनभित्र समयमाइ (जसलाई रूमिन्देइमाई र पछि महामाया पनि भनिन्छ) को स्थानमा महारानी मायादेवीको कोखबाट इशापूर्व ६२३ मा बोधीसत्वले जन्म लिएका थिए । तथागत भगवान बुद्धले राजकुमार सिद्धार्थका रुपमा यसै लुम्बिनी भूमिमा जन्म लिई पहिलो पाइला टेकेकोस्थानीय श्रुति, अशोकस्तम्भ र विभिन्न धर्मग्रन्थमा उल्लेख छ । राजकुमार सिद्धार्थका रुपमा भगवान् बुद्धको न्वारान भएको लुम्बिनी उपवन त्यसै पनि पवित्र र महत्वपूर्ण छ । उनलाई जन्म दिनुपूर्व महारानी मायादेवीले स्नान गरेको पुस्कारिणी पोखरी, बोधीबृक्ष, स्थानीयले चिनोस्वरूप राखिदिएको बुद्ध जन्मस्मारक शिला (मार्करस्टोन) र अशोक स्तम्भ त्यहाँका महत्वपूर्ण ऐतिहासिक तथा धार्मिक धरोहरहरु हुन् ।

प्राचीन मन्दिर आफैँमा अनमोल थियो । इन्द्रलगायत देवताहरुले पुष्पवृष्टि गरिरहेको बुद्ध जन्माङ्कत मायादेबीको मुख्य मूर्ति, बाराहीदेवी, भगवान गणेश र दुर्गा भगवतीको मूर्ति तथा सन् १९९३ मा उत्खनन्बाट प्राप्त तथागत भगवान बुद्धको अस्तुधातुलगायतका चीजवस्तुहरू पनि लुम्बिनीका धार्मिक, पुरातात्विक सम्पदा हुन् । तर ती सम्पदाहरु कि त बिगारिएका छन्, तोडिएका छन् वा एक–एक गर्दै हराइरहेको पण्डित योगेन्द्रनाथ पाण्डेको भनाइ छ । 'सन् १९९३ मा मायादेवी मन्दिर तोडिदाको समयमा मन्दिर र मन्दिर परिसरभित्र ४७ थान मूर्ति तथा सामग्रीहरु रहेको तथ्याङ्क छ,' पाण्डेले भने । ती मूर्तिहरु, सामग्रीहरु र अस्तुधातु समेतको खोजी गरी लुम्बिनीमै पुनःस्थापित गर्नुपर्ने उनको माग छ । 'ती मूर्ति र सामाग्रीहरुमध्ये बुद्धजन्माङ्कत मुख्य मूर्तिको माथिल्लो दाहिनेतर्फ इन्द्रलगायतका देवताले पुष्पवृष्टि गर्दै गरेको भाग खण्डित गरी काटेर निकालिएको छ,' लुम्बिनी बचाउ महाअभियानका सहसंयोजक मेघनाथ आचार्यले भने, 'त्यसमध्ये बुद्ध जन्माङ्कत महामायाको मार्बलको मूर्ति राजकीय बुद्ध बिहारमा राखिएको छ भने बाराहीदेबीको मूर्तिलाई दुई टुक्रामा खण्डित गरी सङ्ग्रहालयको बाह्य भागमा राखिएको छ । त्यसैगरी दुबै हात भाँचिएको मार्बलको बुद्ध मूर्ति तथा तामाको दुई थान बुद्ध मूर्तिबाहेक अनमोल मूर्तिहरु र अस्तुधातु लुम्बिनीमा देखिएका छैनन् ।'

लुम्बिनी विकास कोषले ११ सय ५५ बिघामा रहेको स्थानीयको घर–जग्गा अधिग्रहण गर्दा स्थानीयबासी विस्थापित भएपछि त्यहाँबाट धार्मिक तथा पुरातात्विक महत्वका मूर्ति र चीजवस्तुहरु हराउन थालेको लुम्बिनीमा गठित लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरामुद्दीन खाँले बताए । उनले भने, 'गुरूयोजना अनुसार मायादेवी मन्दिरलाई पुरानै स्वरूपमा तत्काल पुनस्थापित गरी हराइरहेका मूर्ति र अस्तुधातु जस्ता बहुमुल्य सामग्रीहरु खोजी गरी संरक्षणको काम तत्काल थाल्नुपर्छ ।' तत्कालीन लुम्बिनीबासी, हाल शुद्दोधन गाउँपालिका कपिलवस्तुका पूर्वअध्यक्ष नेसार अहमद खाँका अनुसार 'बुद्ध जन्मभूमि लुम्बिनी सम्पदाका अवैतनिक पहरेदार त्यहाँका स्थानीयवासीलाई २०३१ को दशकमा लुम्बिनी विकास कोषले घरजग्गाबिहीन बनाई भगाएपछि मात्र प्राचीन धार्मिक चीजवस्तुहरु हराउने र हिन्दू पुजारीबाट पूजापाठ गर्ने सदियौँको परम्परा तोडिएको थियो ।' लुम्बिनी सांस्कृतिक नगरपालिकाका पूर्वप्रमुख मनमोहन चौधरीले भने, 'लुम्बिनीबाट हराइरहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको खोजी हुनैपर्छ ।' नेपाल सरकार र लुम्बिनी विकास कोषले ती सम्पदाहरुको संरक्षण–प्रवद्र्धनका लागि स्थानीय विज्ञ, खोजकर्तालाई प्रयोग गर्नुपर्ने उनको सुझाव छ ।

लुम्बिनी विकास कोषका प्रमुख पुरातत्वबिद् हिमाल उप्रेतीले उत्खननका समयमा मायादेबी मन्दिर र परिसरमा रहेका केही मूर्ति र सामग्रीहरू लुम्बिनीस्थित सङ्ग्रहालयमा त केही छाउनी सङ्ग्रहालय काठमाडौमा रहेको बताए । 'हराइरहेका मुख्य चार थान मूर्ति, अस्तुधातु तथा सामग्रीहरुको खोजी भइरहेको छ,' उनले भने, 'अब सबै सामग्री सङ्ग्रहालयमा स्थापित गरिनेछन् ।' लुम्बिनी बिकास कोषका सूचना प्रमुख हरिध्वज राइले प्राचीन मन्दिरमा रहेको पीपल बोटको जराले मौर्यकालीन एन्टिक इँटाहरूलाई नष्ट गरिरहेकाले युनेस्को र पुरातत्वविद्हरुको सल्लाहअनुसार नै हटाइएको बताए । हराइरहेका मूर्तिहरु, अस्तुधातुबारे सदस्य सचिव सानुराजा शाक्यले आफूलाई जानकारी नभएको भन्दै खोजी गर्ने जनाए । यसअघिका सदस्य–सचिव अजितमान तामाङको प्रतिक्रया पनि उनीसित मिल्दो छ ।

सन् १९७० मा संयुक्त राष्ट्रसङ्घको अगुवाइमा लुम्बिनीको विकासका लागि अन्तर्राष्ट्रियस्तरको एक समिति गठन भएको थियो । समितिले त्यसैवर्ष जापानी वास्तुकलाविद् प्रोफेसर केन्जो टाङ्गेलाई लुम्बिनी विकासको गुरुयोजना बनाउन नियुक्त गरेको थियो ।

प्रो.टाङ्गेले बनाएको गुरुयोजनालाई सन् १९७८ मा सरकारले स्वीकृति दिएको थियो । लुम्बिनी विकास कोष ऐन, २०४२ मा कोषको गुरुयोजना कार्यान्वयन गर्न तथा रूपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा छरिएर रहेका विभिन्न बौद्ध तीर्थस्थलहरूको अन्वेषण, उत्खनन्, जीर्णोद्धार तथा संरक्षण–प्रवद्र्धन गर्नका लागि तत्कालीन सरकारबाट कोषको गठन भएको थियो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष एवम् बौद्ध भिक्षु डा. ल्यारक्याल लामाले बुद्ध जन्मस्थल लुम्बिनीबाट हराइरहेका मूर्तिहरु र तथागत भगवान् बुद्धको अस्तुधातुलगायत बहुमुल्य सामग्रीबारे चिन्ता व्यक्त गरे । उनले त्यसबारे सत्यतथ्य खोजी पारी लुम्बिनीमै पुनःस्थापित गर्ने प्रतिबद्धता जनाए । रासस







# नारायणी अस्पतालमा 'मेमोग्राम' जडान अन्तिम चरणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पताल वीरगंजमा स्तन क्यान्सरको पहिचान र परीक्षणका लागि 'मेमोग्राम' उपकरण जडान प्रक्रिया अन्तिम चरणमा पुगेको छ । अस्पतालका अनुसार एक साताभित्र मेमोग्राम उपकरण जडान सकेर नियमित सञ्चालन गरिने जनाएको छ । नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा चुमनलाल दासले एक साताभित्र मेमोग्राम जडान गरिसक्ने लक्ष्य राखेर कामलाई तीव्रता दिइएको जानकारी दिए । 'स्तन क्यान्सरको पहिचान र परीक्षणका लागि आवश्यकपर्ने मेमोग्राम मेसिन अस्पतालमा आएसँगै बायो मेडिकल इञ्जिनियरले मेसिन राख्न आवश्यक कोठाको तयारी गरिरहेका छन् । एक साताभित्र जडान गरिसक्ने लक्ष्य राखेका छौँ', उनले भने । मेसु दासले मेमोग्राम जडान भएसँगै यहाँका बिरामीलाई सेवा प्राप्त गर्न सहज हुने बताए । 'सेवा सुरु भएपछि स्तन क्यान्सर पहिचान र परीक्षणका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता अन्त्य हुनेछ', उनले भने । सङ्घीय सरकार मातहतको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उक्त उपकरण यहाँ ल्याइएको हो ।

# २ सय ३० जनाको मोतिया बिन्दुको शल्यक्रिया



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाँउपालिका वडा नम्बर ५ स्थित तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटामा आयोजित शिविरमा मोतिया बिन्दु भएका २ सय ३० जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको छ ।

निचुटामा रहेको तिलगंगा सामुदायिक आँखा केन्द्रमा आयोजित तीनदिने शिविरमा २ सय ३० जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको गाँउपालिका अध्यक्ष दिनेश चौधरीले जानकारी दिए । पटेर्वा सुगौली गाँउपालिकाको समन्वयमा तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटाले गत शुक्रबारदेखि आइतबारसम्म सञ्चालन गरेको शिविरमा तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटा र हेटौंडा सामुदायिक आँखा अस्पतालका चिकित्सकको टोलीले मोतियाबिन्द्ुको शल्यक्रिया गरेको चौधरीले बताए । तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटाले पर्साकै विभिन्न ६ वटा पालिकाका ७ वटा वडामा मंसिर ३ देखि मंसिर ७ गतेसम्म निःशुल्क आँखा चेकजाँच शिविरि सञ्चालन गरेको थियो । उक्त शिविरमा १ हजार ३ सय ७ जनाको आँखा परिक्षण गरिएकोमा तीमध्ये ३ सय ९ जनामा मोतियाबिन्दुको समस्या देखिएको थियो ।

तीनै ३ सय ९ जनामध्ये निचुटाको तीनदिने शिविरमा २ सय ३० जनाको निःशुल्क शल्यक्रिया गरिएको पटेर्वा सुगौली गाँउपालिकाकी उपाध्यक्ष ममता महत्तो थारुले जानकारी दिइन् । ७ वटा वडामा आयोजिना गरिएको आँखा चेकजाँच शिविरमा ३ सय ९ जनामा मोतियाबिन्दुको समस्या देखिएको भएपनि तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटामा आयोजित तीनदिने शिविरमा २ सय ३० जनामात्र आएकाले उनीहरुको निःशुल्क शल्यक्रिया गरिएको थारुले बताइन् ।
पटेर्वा सुगौली गाँउपालिकाले व्यवस्थापन गरेको शल्कृया शिविरमा तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटाले शल्यक्रिया गर्दा आँखामा लाग्ने लेन्स, औषधि र चश्मा उपलब्ध गराउनुका साथै चिकित्सकको व्यवस्थापन पनि उसले नै गरेको पटेर्वा सुगौली गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले जानकारी दिए ।

# धनुषाका संस्थागत विद्यालय एक सातादेखि बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बालबालिकाको भविष्यलाई बेवास्ता गर्दै संस्थागत विद्यालयका सञ्चालकहरूले आइतबार पनि पठनपाठन नगरी बन्दलाई निरन्तरता दिएका छन् ।
जनकपुरधाम उपमहनगरपालिको निर्देशन विपरीत आज नऔँ दिन पनि संस्थागत विद्यालय बन्द भएका छन् । शनिबार दुवै पक्षबीच भएको वार्तापछि संस्थागत विद्यालय आइतबारदेखि सञ्चालन गर्न जनकपुरधाम उपमहानगरपालिकाले निर्देशन दिएको थियो । सो निर्देशनको पालना नगरेमा कारबाही गर्ने जनकपुरधाम उपमहानगरपालिकाले चेतावनीसमेत




दिएको थियो । तर उच्च शिक्षालय तथा माध्यामिक विद्यालय सङ्घ(हिसान)ले विद्यालय खोल्न दिएको निर्देशनविरूद्ध पठनपाठन ठप्प पारेको छ । संस्थागत विद्यालय बन्द नगर्न र विद्यार्थीको पढ्न पाउने अधिकार हनन् नगर्न जनकपुरधाम उपमहानगरले संस्थागतक विद्यालय सञ्चालकलाई आग्रह गरेको जनकपुरधाम उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत धीरेन्द्रलाल कर्णले बताए । आन्दोलन गर्न पाउनु अधिकारको कुरा भए पनि आन्दोलनका नाममा विद्यालय नै बन्द गरेर विद्यार्थीको भविष्यमाथि खेलबाड गर्न नहुने उनको भनाइ छ । रजिष्ट्रेशन शुल्क र परीक्षा शुल्क मात्रै लिई विद्यार्थी पढाउन नसकिने बताउँदै हिसानले थप अन्य शीर्षकमा शुल्क लिन पाउनुपर्ने माग राख्दै आएको छ । विद्यालय सञ्चालन गराउन शिक्षण संस्था सम्बद्ध सङ्गठनसँग पटकपटक वार्ता गरिए पनि वार्ता निष्कर्ष निस्केपछि बन्दलाई निरन्तरता दिएको संस्थाका धनुषा अध्यक्ष सञ्जीव ठाकुरले जानकारी दिए ।

# चिकित्सक अभावमा प्रादेशिक अस्पतालको सेवा प्रभावित

**मधेशदृष्टि**
**महोत्तरी ।**
चिकित्सक अभावमा यहाँस्थित प्रादेशिक अस्पतालको सेवा प्रभावित भएको छ । तीन जना डाक्टरले सामुहिक राजीनामा दिएपछि सेवा प्रभावित भएको हो । तलब, भत्तालगायत सुविधा नपाएकाले आफूहरूले सामूहिक राजीनामा गरेको अर्थोपेडिक डा सरोज भगतले बताए । अस्पताल व्यवस्थापन समितिले ती विशेषज्ञ चिकित्सकलाई बेवास्ता गरेको स्थानीयको आरोप छ । उक्त अस्पतालमा दैनिक दुइ सय बिरामी आउने गरेका छन् । विशेषज्ञ डाक्टर नहुँदा आफूहरू प्रभावित भएको जलेश्वर–२ का अनिलकुमार साहले बताए । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा प्रभातकुमार गामीले तीन जना डाक्टरको राजीनामापछि सेवा प्रभावित भएको स्वीकार गर्दै समस्या सामाधानतर्फ आफू लागेको बताए । उनले अस्पताल व्यस्थापन समिति, मधेश सरकार र स्वास्थ्य मन्त्रालयसँग निरन्तर छलफल भइरहेको बताए । साथै उनले राजीनामा गरेका डाक्टरलाई हाललाई असारसम्मको तलबभत्ता लिएर काममा फर्कन तथा बाँकी रकम पनि यथाशक्य चाँडो व्यवस्था गर्न आफू प्रतिबद्ध रहेको बताए ।

# 'उधोगीहरुलाई सुरक्षा, सुबिधा र न्यायको प्रत्याभुति दिलाउनु पर्छ'



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सहायक प्रमुख जिल्ला अधिकारी सुमन कुमार कार्कीले उधोगीहरुलाई सुरक्षा, सुबिधा, सहयोग र न्यायको प्रत्याभुति दिलाउन सकियो भने देशको विकास सम्भव हुने बताएका छन् । आइतबार उद्योग विभाग पर्सा र घरेलु तथा साना उद्योग कर्यालय पर्साको संयुक्त आयोजनामा दसौं उद्योग दिवसको उपलक्ष्यमा शुभकामना दिँदै उनले सो कुरा बताएका हुन् । यसैगरी वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवालले साना उधोगीहरुलाई प्राथमिक्तामा राख्नु पर्ने बताए ।
घरेलु तथा साना उधोग कर्यालय पर्साको निमित्त प्रमुख प्रधुमन प्रसादको अध्यक्षतामा भएको कार्यक्रममा उद्यमी मधु सिंह, राधा हमाल, बिना दाहाल, बिष्णु बसौला, ममता देवी, पुजा चौधरी, अस्मिता चौधरी, संगीता चौधरी, रिया चौधरी लगायत दर्जनौं उद्यमीहरुलाई कदर पत्र समेत प्रदान गरिएको थियो ।

# कृषि क्षेत्र उपेक्षित भएको महोत्तरीका मतदाताको गुनासो

**महोत्तरी ।**
स्थानीय तह उपनिर्वाचनको सँघारमा भोट माग्न घरघर पुगेका विभिन्न राजनीतिक दलका नेतासँग महोत्तरी रामगोपालपुर–२ का मतदाताले कृषि क्षेत्र राज्यबाट उपेक्षित भएको गुनासो गरेका छन् । भोट माग्दै घरघर पुगेका दलका नेताहरूसँग सो बस्तीका किसानले आफ्ना समस्या कुनै तहका सरकारले समाधानको प्रयास नगरेको गुनासो गरेका हुन् । उम्मेदवार आफ्नै बस्तीका बासिन्दा भए पनि उनीहरूका लागि मत माग्न अहिले विभिन्न दलका केन्द्रीय तहका नेताहरू आएपछि आफ्ना सुविधा र सहुलियतबारे उपल्लो तहका नेतासँग मतदाताले गुनासो गरेका हुन् । 'यहाँका बासिन्दा ९० प्रतिशत बढी खेतीपातीमा छौँ, तर हाम्रो खेतमा सिँचाइ सुविधा छैन, समयमा बीउबिजन र मलखाद पनि पाइँदैन', सो वडाका अगुवा किसान मोहम्मद कादिर हुसैन भन्छन्, 'मत माग्न आउने सबैजसो दलका नेतासँग यहाँका हामीले यही गुनासो गरेका छौँ ।'
रामगोपालपुर–२ मा अहिलेसम्म नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का पोल्युटब्यूरो र केन्द्रीय सदस्य एवम् मधेश प्रदेश कमिटीका पदाधिकारीहरू र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठसहित केन्द्रीय पदाधिकारीले आफ्ना दलका उम्मेदवारलाई भोट हाल्न मतदातासँग आग्रह गर्दै किसानका समस्याप्रति आफूहरू गम्भीर रहेको बताएका छन् । यही मङ्सिर १६ गते रामगोपालपुर–२ मा हुने चुनावमा दलका सात जना र ११ स्वतन्त्र गरी १८ जना उम्मेदवार प्रतिस्पर्धा गर्दैछन् । यो वडामा दुई हजार एक सय ४१ मतदाता छन् । वडाध्यक्ष मुकेशकुमार यादवको निधन भएकाले रिक्त पदमा उपनिर्वाचन हुन लागेको हो ।

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

**Call for Concept Notes for USAID Inclusive Political Outreach**

**ADDENDUM-001-72036725APS00001**
**Deadline: January 6, 2025 by 5:00 PM Nepal Time**

Through the Addendum-001 to the USAID Nepal Localization Annual Program Statement (APS) No. 72036725APS00001, the United States Agency for International Development (USAID) Mission to Nepal is making a special call to **Nepali organizations only** for the submission of concepts notes to address the need for inclusive, responsive and meaningful participation of underrepresented and marginalized groups in Nepal's political processes.

USAID Inclusive Political Outreach serves to strengthen inclusiveness and responsiveness, especially for women, youth, and marginalized groups (WYM), in relation to parliamentary engagement, and political representation within political parties and elected offices. The activity is intended to contribute to USAID/Nepal's Country Development Cooperation Strategy (CDCS) goal of "a more self-reliant, prosperous and inclusive Nepal that delivers improved democratic governance, health, and education outcomes".

The USAID Inclusive Political Outreach objectives are to:
- Improve the federal parliament and provincial assemblies' capacity,
- Expand meaningful participation of emerging youth, women, and members of marginalized group leaders in the political process; and
- Strengthen inclusive civic engagement at federal and subnational levels

Local organizations are encouraged to view and download the addendum at www.grants.gov by searching the funding opportunity number **"ADDENDUM-001-72036725APS00001"** or view and download the funding opportunity at: https://grants.gov/search-results-detail/357265

Further, amendments to announcements are occasionally issued and will be posted on the same website; USAID advises you to regularly check the ADDENDUM-001-72036725APS00001 announcement in www.grants.gov website for any amendments.

Applicants are responsible for ensuring concept notes are received by USAID by the due date and time as specified in the announcement. Late submissions will not be considered or evaluated.

USAID will also host a virtual pre-application conference on December 6, 2024 to provide information to the interested parties and to answer questions/concerns regarding the announcement. If interested in attending, please register according to the instructions contained in the addendum by December 4, 2024.

**Thank you in advance for your interest.**



## सम्पादकीय

# जिबी राई कहिले समातिन्छन् ?

*रवि लामिछाने अहिले सबैको पैसा कमाउने गरम र मालदार मसला भएका छन् । टिकटक हेर्नुहोस्, अनेकानेक ज्योतिषीहरु रवि छुट्छन् र जेल जान्छन् भन्ने अनुमानकारिताका हनुमान रुपहरु देख्नु हुन्छ । युट्युबमा पनि त्यस्तै देखिन्छ । रवि ठीक र रवि बेठिक भनेर तपाईंको दिमाग नै खल्बल्याउने काम हुन्छ । राजनीतिमा पनि रविलाई ठेगान लगाउने र रविले ठेगान लगाउने कुरा नै केन्द्रित छ । पछिल्लो समय गगन थापा मौन छन्, केपी ओली आफैँ रवि लामिछानेबारे बोल्न थालेका छन् । थाहा छैन, नेताहरुलाई एउटै मान्छे एउटा ऋतुमा प्रेमिका किन लाग्छ, अर्को ऋतुमा दुश्मन किन लाग्छ ? त्यही रवि देखाएर बहुमतको सरकार भत्काउन हिम्मत गर्ने एमाले अध्यक्ष ओली अहिले रविलाई ठेगान लगाउने नाममा जिबी राईको नामै लिँदैनन् । यो मुलुकमा ढुंगा, गिटी बालुवा खानेलाई केही हुन्न, गुण्डागर्दी गरेर पैसा उठाउनेलाई केही हुन्न । जो अशली फ्रड, ठग, भ्रष्ट हो, तिनलाई केही हुन्न । अनि युट्युबमा बोल्नेलाई, फेसबुकमा लेख्नेलाई समातेर साइबर मुद्दा लगाउने भन्दै अनेक दुःख दिइरहेको छ । फेसबुक बन्द गर्दा केही हुन्न, नेपाली मर्दैनन् । टिकटक बन्द हुँदा देशलाई घाटा भएको थिएन । सामाजिक सञ्जालहरु बन्द गरे हुन्छ, तर अनियमिता, बदमासी, भ्रष्टाचार बन्द गरेनौ भने सबैको हालत बालकृष्ण खाणकै हुनेछ, टोपबहादुर रायमाझीकै हुनेछ । अझ यसरी नै रवि लामिछानेलाई पेलेर अनि अरु केही दिन जिबी राई लुकाएर हेर, त्यसपछि देशमा अब के के हुन्छ ?*

*रवि लामिछाने, छोटो समयमै अत्यन्त महत्वाकांक्षी र महत्वाकांक्षाका लागि जनमत र लगानीकर्ता मात्तै होइन नेता कार्यकर्ता पनि उत्पादन गर्न सक्ने गजबको राजनीतिक चेतना भएको जादूमयी राजनीतिक भट्टी सावित भए । त्यही भट्टी अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टी, बहुमतको सरकार बनाउन नसकेका दलहरुलाई खाँचो परेको बहुमतको जोकर र सिक्वेन्स पुगेपछि पाक्के माल सावित भयो । सत्तामा पुगेपछि केही एक्सन लिन खोज्दा रविका व्यक्तिगत कमजोरी खोजियो । त्यतिखेर किस्तीमा प्रधानमन्त्री दिँदा लिएनन् अहिले म्याद थप्दै हिरासतमा राख्दै दलहरु निदाउन खोजिरहेका छन्, निद्रा परेको होला त प्रधानमन्त्री र गगन थापालाई ? आइतबार रवि लामिछानेलाई थप १५ दिनको म्याद थप भएको छ । उनी कास्की प्रहरीको हिरासतमा छन् । रुपन्देही र चितवन अदालतले पक्राउ पुर्जी जारी गरेको छ । रुपन्देहीमा बयान भएको छ । काठमाडौमा पनि बयान दिनु पर्नेछ । पहिला यिनै भन्थे, एउटा घटनामा दुईवटा मुद्दा लाग्दैन । रवि त्यस्ता मान्छे देखिए, सिंगो बहुमतको सत्ता लाग्दा पनि बयान दिइरहन्छन्, नाइ मलाइ थाहा छैन भनिरहन्छन्, मरिगए थाक्दैनन् । बयान लिने थाक्ने बेला भइसक्यो ।*

*रवि लामिछानेले जिबी राईलाई पक्रन मानेनन्, तयार भएनन् । पत्याइदिउँ । नारायणकाजी श्रेष्ठले जिबी राई पक्राउ गर्न रुचि गरेनन् । यो पनि पत्याउँला । तर रमेश लेखकलाई जिबी राई नसमात्ने शर्तमै गृहमन्त्री बनाइएको हो र ? जिबी राई समात्ने कुरा कतै सुन्न भएको छ गृहमन्त्रीको जिब्रोबाट ? किन जिबी राईको नामै नलिई सरकार रवि लामिछानेको तेजोबधमा आयु खपत गरिरहेको छ ? के जिबी राईलाई यसरी नै पूजा गरेर राखिरहने हो ठूलो पार्टीका परिपक्क नेताहरुको सरकारले ?*

# छैटौँ एशियाली जनसङ्ख्या सम्मेलनः
## जनसङ्ख्या र विकासका सवाल



डा.उद्धव सिग्देल

एक्काइसौँ शताब्दीको सुरुआतसँगै विश्वमा जनसङ्ख्याका अनेक समस्याहरु सतहमा देखिएका छन् । कुनैबेला जनसङ्ख्याको तीव्र वृद्धिलाई समस्याका रुपमा लिइन्थ्यो तर अहिले प्रजनन दरमा आएको गिरावट र जनसङ्ख्याको आकार घट्दै गएको अवस्था विश्वव्यापी रुपमा देखिएको छ । जनसङ्ख्याका यी सङ्क्रमणको समाधानका लागि साझा धारणा बनाउने बेला विश्वमञ्चहरु उपयोग हुने गरेका छन् । जनसङ्ख्यासँग सम्बन्धित कतिपय समस्या क्षेत्रीय चासोका छन् । तिनीहरुलाई क्षेत्रीय रुपमा बहस छलफल गरेर टुङ्गोमा पुग्ने गरिएको छ। सोही क्रममा एशियाली जनसङ्ख्याका समस्या र तिनको समाधानका उपायहरु सुझाउन एशियाली जनसङ्ख्या सङ्घ (एपिए) को आयोजनामा मङ्सिर १२ देखि १५ गतेसम्म काठमाडौँमा छैटौँ एशियाली जनसङ्ख्या सम्मेलन हुन गइरहेको छ।

नेपालले एउटा सौभाग्य पाएर अन्तर्राष्ट्रिय सम्मेलन गर्न लागेको छ। यसको स्थानीय आयोजक त्रिविको जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग (सिडिपिएस) हो । नेपालले सन् २०१४ मा राष्ट्रिय जनसङ्ख्या सम्मेलन गरेको थियो । नेपाल सन् २०२६ सम्ममा कम विकसित राष्ट्रबाट विकसित राष्ट्रतिर जाँदैछ भने नेपालले आफूलाई प्रमाणित गर्न यो सम्मेलन वास्तवमा कोशेढुङ्गा सावित हुनेछ । यसले नेपालको जनसङ्ख्या र विकासलाई नयाँ आयम दिन्छ भन्ने विश्वास गरिएको छ।

मूल रूपमा जनसाङ्ख्यिक प्रक्रिया (डेमोग्राफिक प्रोसेस) का मुख्य विषयवस्तुलाई आधार मानेर त्यस प्रक्रियासँग जोडिने विषयहरु जन्म, मृत्यु र बसाइँसराइ आदिलाई समावेश गरिएको छ । यही प्रक्रियाबाट नै जनसङ्ख्याको आकार र संरचना निर्धारण हुन्छ। समाज र संस्कृतिसँग जनसाङ्ख्यिक प्रक्रिया (जन्म, मृत्यु र बसाइँसराइ)लाई एकीकृत गरी फराकिलो दायराबाट विकास प्रक्रियासँग जोडेर हेरियो भने समग्र विकास प्रकृयामा योगदान पु¥याउनेछ। आज विश्वव्यापी रूपमा नै जन्मदर घट्दै गइरहेको हुनाले र त्यसलाई बढाउन पनि नसकिने अवस्थामा पुगेको कारणले यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेमा गहन अध्ययन अनुसन्धानको विषय बनेको छ।

यस सम्मेलनमा जनसङ्ख्याका निर्धारक तत्व र भोलिको जनसङ्ख्या कस्तो हुने, जनसाङ्ख्यिक लाभको विकास प्रक्रियामा र अर्थतन्त्रसँगको सम्बन्ध कस्तो हुने भन्ने बारेका विषयमा बहस हुनेछ । विश्वव्यापी रुपमा मृत्युदर पनि घट्दै गइरहेको छ र स्वभाविक रूपमा नै वृद्धावस्थामा पुगेपछि मृत्यु त भइहाल्छ तर मानवीय गतिविधिका कारण उमेर पुग्नु अगावै हुने मृत्युहरूलाई कसरी रोक्न सकिन्छ त्यो पनि सम्मेलनको महत्वपुर्ण विषय हुनेछ । सरुवारोगबाट हुने, नसर्ने रोगबाट हुने, पछिल्लो समयमा देखापरेको कोभिड १९ को सङ्क्रमणबाट पनि मृत्युवरण गर्नुपरेको स्थिति छ। अहिलेको एउटा नयाँ दुर्घटना चोटपटकदेखि लिएर विश्वव्यापी युद्धबाट हुने मृत्यु र राज्यको तर्फबाट मारिनेहरु (डेमोसाइड) का कारणले पनि मृत्युदर बढेको अवस्था छ। मृत्युका यी विभिन्न आयामका बारेमा पनि सम्मेलनमा छलफल हुनेछन्।

बसाइँसराइ एउटा विश्वकै ठूलो मुद्दाका रुपमा देखिएको छ। तर पनि बसाँइसराइको क्रम निरन्तर चलिरहन्छ । यो आन्तरिक र बाहिर रूपमा पनि चलिरहेको हुन्छ। कतिपय अवस्थामा बसाइँसराइ एउटा समस्याका रुपमा आइरहेको छ । हिजो पहाडबाट तराईमा गएका मान्छेहरूलाई फेरि पहाडतिरै फर्काउने र पहाड पनि एउटा बसोबासका लागि आकर्षणको ठाउँ बन्ने विषयहरूतर्फ ध्यान बढाउनेतर्फ पनि बहस हुनु पर्दछ। तराईको बढ्दो जनघनत्वलाई कसरी न्यूनीकरण गर्ने भन्ने मुद्दाहरू यथावत नै रहेका छन्। यसतर्फ पनि नीतिगत वहस जरुरी देखिएको छ।

विकसित राष्ट्रहरूले पनि प्रजनन दर घट्दै गएको अवस्थालाई गम्भीरतापूर्वक हेरिनुपर्दछ । अहिलेसम्म तेस्रो विश्वका देशहरुबाट विकसित मुलुकहरुमा बसाइँसराइ गर्दा युवा जनसङ्ख्याको सन्तुलन कायम कायम भएको थियो । तर एसियालगायतका तेस्रो विश्वमा नै जनसङ्ख्या घट्दै जान थालेपछि विकसित देशहरुले कहाँबाट जनसङ्ख्या आपूर्ति गर्ने ? यो पनि एउटा बहसको विषय हो। विकसित राष्ट्रहरूले जन्मदर बढाउन तीन दशकदेखि धेरै प्रयास गरे पनि सफल भएको छैन किनभने त्यो व्यक्तिगत निर्णय हो। यसमा राज्यले जति नै प्रयास गरे पनि गर्न सक्दैन त्यो अवस्था हाम्रो तीन दशकको अनुभवले पनि देखाइसकेको छ। यो समस्या नेपालमा पनि आइसकेको छ । २०७८ सालको जनगणनाले शहरी क्षेत्रमा प्रतिस्थापन तहभन्दा मुनि प्रजनन् दर देखाएको छ। कुल प्रजनन् दर २.१ भए पनि शहरी क्षेत्रमा २.० मात्र छ। त्यसले गर्दा जनसङ्ख्याको समुचित व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा गहन रुपमा छलफल गर्नुपर्ने भएको छ । यो सम्मेलनले हामीलाई त्यो अवसर दिएको छ। राष्ट्रिय जनगणना २०७८ का नतिजाहरू विस्तृत रुपमा आउने क्रममा छन् । यो जनसङ्ख्या सम्मेलनमा १७ वटा विषयमा छलफल हुनेछ।

### एसियाली जनसङ्ख्या सम्मेलनको विगत

पाँचौं जनसङ्ख्या सम्मेलन इन्डोनेसियाको जाकार्तामा भएको थियो। त्यसले उठाएका मुख्य विषय विश्वव्यापी रुपमा जनसङ्ख्याको व्यवस्थापन नै थियो । त्यस सम्मेलनले जनसङ्ख्यालाई फरकफरक कोणबाट व्याख्या गर्नुपर्दछ भन्ने मान्यता राखेको थियो। अर्थात् जहाँ उच्च जन्म दर छ, त्यहाँ एक खालको नीति र जहाँ जनसङ्ख्या कम छ त्यहाँ अर्को खालको नीति लिनु पर्दछ भन्ने विषयमा छलफल भएको थियो। त्यहाँ के भएको थियो भने एसिया जनसङ्ख्या स्रोत साधनको पनि केन्द्र हो। एसियामा हरेक प्रकारको सम्भावना छ र त्यो सम्भावनाको अधिकतम प्रयोग गरेर एसियाको विकास अति नै छिटो हुन सक्छ भन्ने बुझाइ त्यो सम्मेलनको थियो। त्यसले गर्दा एसियाली देशहरुमा आफूमा भएको सामथ्र्य, स्रोत र साधनलाई बढीभन्दा बढी प्रयोग गर्दै जानेक्रम पनि बढ्यो।

भारतमा झण्डै आठ प्रतिशतको आर्थिक वृद्धि छ। त्यो वृद्धिदरमा छ भन्नुको अर्थ भारतले त्यो सम्मेलनबाट आएको जति पनि सुझावहरु छन् विशेष गरी एसियाली देशहरूका लागि पूर्ण रुपमा स्वीकार गरेर त्यस अनुसारका कार्यहरू ग¥यो । अर्थात् भारतले के बुझ्यो भने जनसङ्ख्या समस्या होइन, सामथ्र्य हो। चीनमा वृद्ध जनसङ्ख्या बढ्दै गएको र जन्मदर घट्दै गइरहेको छ। युवा जनसङ्ख्या विस्तारै घट्ने क्रममा भएकाले चीनको आर्थिक विकासमा जनसङ्ख्याको बदलिँदोस्वरुपले कहीँ न कहीँ अवरुद्ध त हुने होइन भन्ने प्रश्न उठेको छ। यो ठूलो बहस बनेको छ। त्यसले गर्दा जनसङ्ख्यालाई विकाससँग जोडेर यसलाई एकीकृत प्रणालीमा अगाडि लिएर जानको लागि जाकर्ताको सम्मेलनले ठूलो योगदान गरेको थियो।

यस सम्मेलनबाट एसिया प्रशान्त क्षेत्र पूर्ण रूपमा लाभान्वित हुन्छ नै । त्यसको साथसाथै उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र युरोपसम्म सबैतिर यसको सन्देश प्रवाह हुनेछ । तर एसिया प्रशान्त क्षेत्रमा भने जनसङ्ख्या र विकाससम्बन्धी खास मुद्दाहरु आउँछन् किनभने धेरै सहभागीहरू एसिया प्रशान्त क्षेत्रबाट प्रतिनिधित्व गर्नेछन् । उनीहरुले आफ्ना देशको मुद्दाहरू उठाउँछन्, जुन विश्वव्यापी जनसङ्ख्या र विकास प्रवृत्तिसँग जोडिएका हुनेछन्।

सम्मेलनमा विकसित र विकासशील देशहरू जसरी आज जनसाङ्ख्यिक रुपान्तरण भइरहेका छन्, त्यसबारेमा सबैलाई जानकारी गराउँनेछ। यो सन्देश विश्वभरमै जान्छ। अहिले जुन तथ्यहरू आएका छन्, त्यसलाई हामीले बहसमा ल्याउन र अब हामीले कुन बाटो समाउँदा हाम्रो जनसङ्ख्याको व्यवस्थापन पनि हुन्छ र विकासमा यसले योगदान गर्नसक्छ भन्ने विषयमा आउने निष्कर्षहरु सरकारलाई जनसङ्ख्या नीति बनाउन निकै सहयोग पुग्नेछ।

### नेपालले उठाउने विषयहरु

अहिले नेपालको जनसङ्ख्यामा के के कुरा स्थानान्तरण भएको छ, त्यसमा पनि बुढ्यौली जनसङ्ख्या हाम्रो चुनौती हो। यो जनसङ्ख्यालाई कसरी व्यवस्थापन गर्ने किनभने राज्यले बुढ्यौली जनसङ्ख्याका लागि के कति लगानी गर्दछ ? अहिलेसम्म हामीले के सोचिरहेका छैनौँ भने राज्यको कुल आयको एकदेखि तीन प्रतिशत मात्र सामाजिक सुरक्षामा खर्च गर्ने प्रचलन छ। अहिले हामी बजेटको १४ प्रतिशत खर्च गरिरहेका छौँ। त्योभन्दा बढी भयो भने राज्यले थेग्न सक्दैन। त्यसले गर्दा यसका विकल्पहरू के के छन् खोज्नेबेला आएको छ । पहिलो कुरा हामी आर्थिक रुपमा सबलीकरणमा जानुपर्ने हुन्छ । आर्थिक उन्नति सबैभन्दा महत्वपूर्ण कुरा हो। किनभने भोलि हामीले दिगो रुपमा बाँच्नुपर्ने र बुढ्यौली जनसङ्ख्याको व्यवस्थापन हाम्रो लागि सबैभन्दा ठूलो चुनौती हो। किनभने अहिले जनसङ्ख्याले आश्रित दर घट्दै गइरहेको देखाएको छ। जस्तो बच्चाहरूको आश्रय दर त्यो त कम भएको छ।

हामीसँग अहिले युवा जनसङ्ख्या छ । यस अवस्थामा हामीले आर्थिक विकासमा जनसङ्ख्याको सदुपयोग र विकासको दायरा बढाउँदै जानुपर्ने हुन्छ । यही बढेको दायराबाट हामीले ज्येष्ठ नागरिकको व्यवस्थापन गर्न सक्छौँ। ज्येष्ठ नागरिकले भोलिका दिनमा राजनीतिमा हस्तक्षेप गर्ने स्थिति पनि छ । यो उमेर समुहको बाहुल्यता बढ्दै गयो भने राजनीतिमा उनीहरुको 'बार्गेनिङ' बढ्छ। त्यो अवस्थामा पुग्नुभन्दा अगाडि नै राज्यले यसको दिगो व्यवस्थापनमा कसरी जाने भन्ने कुरो एउटा ठूलो नीतिगत बहस हो। अर्को कुरा अहिले जसले पनि नेपालबाट यति मान्छे विदेश गइरहेको छ, यो त देश नै खाली हुने हो कि ? भन्ने चिन्ता व्यक्त गर्ने गरेका छन्। सञ्चारमाध्यमले पनि यताबाट जानेहरुको हुल मात्रै देखाएको छ तर फर्किएकाहरुको देखाउँदैनन्। तर जाने र आउनेमा ठूलो अन्तर छ। यो एउटा प्रक्रिया मात्र नभएर साँच्चै नै भोलिका दिनमा युवा जनशक्ति नभएर देश विकासको गतिमा अवरुद्ध गर्छ कि भन्ने चिन्ताको विषय पनि हो । अब कस्तो बसाइँसराइको नीति बनाउने भन्नेमा यो एउटा बहसको विषय बनेको छ।

अर्को विषय जलवायु परिवर्तन र यसले मानव बसोबासमा पारेको प्रभावलाई गहन रूपमा हेर्नुपर्ने हुन्छ। जलवायुु परिवर्नको कारण मानिसको तराई क्षेत्रमा बसोबास कम हुँदै जानेछ किनभने अत्याधिक गर्मी भयो भने त्यहाँ बस्न नसकिने अवस्था आउँछ। त्यो हामीले अनुभव गरेका छौँ कि तीन÷चार वर्षको तापक्रम हेर्ने हो भने तराई क्षेत्रको तापक्रम ह्वात्तै बढेको छ। यो जलवायु परिवर्तनको प्रभाव हो नै। जलवायुका दृष्टिले बसोबासका उचित ठाउँ हिमाल र पहाड भएकाले तराईबाट फेरि मानिस फर्किने सम्भावना पनि छ । त्यो प्रकृयालाई पछिल्लो समयका प्रकोपहरुले पहाडी क्षेत्रमा फर्कनका लागि अवरुद्ध बनाइरहेको छ। यसमा भौगर्भिक अध्ययन गरिनुपर्ने र पहाडलाई कसरी पुनर्वासको प्रक्रियामा लिएर जान सकिन्छ भन्नेबारेमा पनि निष्कर्षमा पुग्न यो सम्मेलनले केही दिशानिर्देश गर्न सक्दछ।

तेस्रो मुद्दा भनेको जनसङ्ख्या वितरणसँग सम्बन्धित छ। हिमाली क्षेत्रमा ३४ प्रतिशत भूगोल छ तर जहाँ जनसङ्ख्या छ प्रतिशत मात्र छ। पहाडमा झण्डै ४२ प्रतिशत क्षेत्रफल छ, त्यसमा ४० प्रतिशत जनसङ्ख्या छ। तराईमा २३ प्रतिशत भूगोल छ तर ५४ प्रतिशतको जनसङ्ख्या छ । यो असन्तुलित जनसङ्ख्याको वितरणले गर्दा आर्थिक वृद्धिदेखि लिएर उत्पादनमा अनेक चुनौतीहरु आइरहेको छ, यसमा पनि सम्मेलनमा बहस गरेर निष्कर्ष निकाल्नुपर्छ । विशेष गरेर जनसङ्ख्या र विकास, जनसङ्ख्या वृद्धि, जनसङ्ख्या वितरण जस्ता विषयहरुमा सम्मेलनले दिशानिर्देशित गर्छ । अर्को कुरा लैङ्गिकताको हो। यी मुद्दाहरु जनसाङ्ख्यिक तथ्यले समेट्न सकेको छैन वा यी दुई विषयको सम्बन्ध स्थापना हुन सकेको छैन। यस विषयमा पनि सम्मेलनमा घनिभूत छलफल हुने नै छ। रासस

# प्रदूषणको उकुसमुकुसः
## भागेर जाऊँ, कुन ठाउँ जाऊँ...



विपिन आचार्य

भारतीय अखबार हिन्दुस्तान टाइम्समा नोभेम्बर ५ मा प्रकाशित समाचारअनुसार भारतीय राजधानी नयाँ दिल्ली यो वर्ष 'नो गुड एअर डेज्' अर्थात् कुनै पनि दिन स्वच्छ वायु नभएको वर्षको रूपमा सकिँदै छ। अगस्ट ८ मा त्यहाँको वायुको गुणस्तर (एक्यूआई) ५३ थियो। ५० भन्दा कम एक्यूआई भएको वायुलाई राम्रो गुणस्तरको मानिन्छ भने ५१ देखि १०० सम्मको एक्यूआईलाई सन्तोषजनक मध्यमस्तरको र त्यसपछि क्रमशः खराब हुँदै घातक श्रेणीसम्म पुग्छ।

१०१ देखि २०० सम्मको वायुलाई मध्यमस्तरको, संवेदनशील उमेरसमूह र बिरामीका लागि अस्वस्थकर मानिन्छ । २०१ देखि ३०० सम्मको एक्यूआईलाई खराब र ३०० देखि ४०० सम्मको वायुको गुणस्तर अत्यन्तै खराब मानिन्छ । ४०० माथिको एक्यूआई त जनस्वास्थ्यका लागि आपत्काल मानिन्छ।

इस्वी संवत् २०२४ सकिन अझै करिब ४० दिन बाँकी भए तापनि हिउँदको समयमा वायुको गुणस्तरमा सुधार हुने कुनै लक्षण छैन। वर्षभर एक दिन पनि न्यूनतम गुणस्तरको हावामा सास फेर्न नपाउनु 'दुनियाँको ठूलो प्रजातन्त्र'को राजधानीवासीका लागि दुःखद हो । युनिभर्सिटी अफ सिकागोको इनर्जी पोलिसी इन्स्टिच्युटको अध्ययनले भन्छ, 'नयाँ दिल्लीको जस्तो वायुको गुणस्तरमा बाँच्दा मानिसको आयु ११.९० वर्ष छोटिन्छ।'

भारतको 'सेन्ट्रल पोलुसन कन्ट्रोल बोर्ड'ले नोभेम्बर २० को बेलुका ४ बजे प्रकाशन गरेको नियमित एक्यूआई बुलेटिनअनुसार नयाँ दिल्लीको एक्यूआई ४१९ छ, जुन गम्भीर श्रेणीमा पर्छ। यस बुलेटिनमा भारतका २५७ स्थानमा जाँच गरिएको एक्यूआईमा जम्मा १० स्थानको वायुको गुणस्तर मात्र राम्रो गुणस्तरको (५० भन्दा कम) देखिएको छ।

यसै समयमा नेपालका विभिन्न शहरको एक्यूआई कतै पनि राम्रो गुणस्तरको देखिएको छैन। संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रम (यूएनईपी) र यसको साझेदार संस्था आईक्यू एअर (आईक्यूएयर)को तथ्यांकअनुसार काठमाडौँ उपत्यकाको अमेरिकी राजदूतावास नजिकैको स्टेसनमा १३२, ललितपुरको पाटन क्षेत्रमा १२७ र हाँडीगाउँमा त झनै १५३ पुगेको छ। राजधानी बाहिरका शहरमा सबैभन्दा राम्रो गुणस्तर भनिएको पोखरामा ८९ छ । तराई–मधेश क्षेत्रका शहरको अवस्था नाजुक छ। भरतपुर, जनकपुर र इटहरीको क्रमशः १२५, १४६ र १५६ छ।

वातावरण विभागको २०७९÷८० को वार्षिक प्रतिवेदनअनुसार नेपालका २७ स्थानमा वायु गुणस्तर मापन केन्द्र रहेको भनिए पनि केही सीमित शहरबाहेक अन्यत्रको तथ्यांक अद्यावधिक भएको देखिँदैन।

### पीएम २.५

हावाको गुणस्तर मापन गर्ने अर्को तथ्यांकीय औजार हो–पीएम २.५ र पीएम १० । मानव स्वास्थ्यका हिसाबले पीएम २.५ अत्यन्तै संवेदनशील मानिन्छ। हावामा रहने अत्यन्तै सूक्ष्म कणको मोटाइ २.५ माइक्रोन हुन्छ, जसलाई पार्टिकुलेट म्याटर्स (पीएम) २.५ भनिन्छ। सामान्यतया एक कपालको रौँको मोटाइ ५०÷६० माइक्रोन हुन्छ भने कपालको रौँभन्दा पनि २०÷२५ भाग कम मोटाइका यस्ता सूक्ष्म कणहरू नांगो आँखाले देख्न सकिँदैन । यस्तो सूक्ष्म विषाक्त कण मूलतः आगलागीबाट निस्कने धुवाँ, सवारीसाधन र कलकारखानाबाट निस्कने धुवाँ÷विषालु ग्यास, निर्माण कार्यबाट निस्कने धुवाँधुलो र फोहोर जलाउँदा निस्कने ग्यास आदिका कारण वायुमण्डलमा मिसिन्छन्। मानव स्वास्थ्यका लागि हावामा हुनुपर्ने अधिकतम पीएम २.५ को मात्राको मापदण्ड विभिन्न देशमा फरक–फरक छ। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले २४ घण्टाको अवधिभित्र यसको मात्रा प्रतिक्युबिक मिटर १५ हुनुपर्ने प्रावधान राखेको छ भने भारतमा ६० र नेपालमा ४० क्युबिक मिटर प्रतिघण्टा हुनुपर्ने व्यवस्था छ। शुक्रबार बिहान भारतको राजधानी दिल्लीको वायुमा पीएम २.५ को मात्रा ३५४ क्युबिक मिटर छ । यो भनेको डब्लूएचओले तोकेको मापदण्डभन्दा २३ गुणा बढी र आफ्नै देशको मापदण्डभन्दा ६ गुणा बढी हानिकारक छ। यसै समय काठमाडौँको वायुमा पीएम २.५ को मात्रा ४७ क्युबिक मिटर छ भने जनकपुरमा ८५। दक्षिणी शहरमा पीएम २.५ को मात्रा पनि अत्यधिक देखिएको छ।

यस्ता हावाका कण अत्यन्तै सूक्ष्म हुने हुँदा श्वासप्रश्वासको क्रममा सजिलैसँग फोक्सोसम्म पुग्छन् र दम तथा श्वासप्रश्वाससम्बन्धी समस्या ल्याउँछन्। उच्च रक्तचाप र हृदयाघातको समेत जोखिम बढाउँछ। बालबालिका, वृद्धवृद्धा र पहिले नै कुनै रोगले संक्रमित भएकाहरूका लागि त झनै घातक हुन्छ। यसमा घातक धातु र रसायनसमेत हुने हुँदा यसले आँखा पोल्ने, एलर्जी हुने र क्यान्सरजस्ता गम्भीर रोगको कारक समेत बन्न पुग्छ। पछिल्लो समय त वायु प्रदूषणलाई मानसिक रोगको समेत कारक मानिन्छ।

डब्लूएचओले उल्लेख गरेअनुसार विश्वभर ९९ प्रतिशत मानिसले डब्लूएचओले तोकेको भन्दा कम गुणस्तरको हावामा श्वास फेर्छन् । अमेरिकास्थित हेल्थ इफेक्ट्स इन्स्टिच्युटको रिपोर्टअनुसार सन् २०२१ मा विश्वभर ८१ लाख मानिसको मृत्यु दूषित हावाका कारण भयो । यसमै युनिसेफको अर्को तथ्यांक भन्छ–सन् २०२१ मै दूषित हावाका कारण मृत्यु हुने बालबालिकाको संख्या सात लाखमाथि थियो। अपरिपक्व समयमै हुने मृत्युको कारणमा प्रदूषित हावा दोस्रो नम्बरमा उक्लेको छ, पहिलोमा उच्च रक्तचाप। बालबालिकाको हकमा मृत्युको पहिलो कारण कुपोषण र दोस्रो भने प्रदूषित हावा नै रहेको छ।

### विषाक्त ग्याँस च्यामबर बन्दै दक्षिण एशिया

सन् २०२३ को औसत वायु प्रदूषणको आधारमा आईक्यूएअरले विश्वका विभिन्न शहरको सुची निकालेको छ, जसको पहिलो ५० शहरको सूचीमा ४२ वटा त भारतीय शहर छन्। तीन वटा पाकिस्तानी र एक बांग्लादेशी शहर छन्। पहिलो १०० भित्र पनि अधिकांश भारतीय शहर नै छन्।

अन्धाधुन्ध औद्योगीकरण र शहरीकरण, बेलगाम सवारीसाधन प्रयोग, प्रदूषण नियन्त्रणमा फितलो सुशासन, जीवाश्म इन्धनको बढ्दो प्रयोग, जनताको निम्छरो नागरिक चेत (सिभिक सेन्स)ले दक्षिण एशियाली शहरलाई ग्यास च्यामबरमा रूपान्तरण गर्न योगदान गरिरहेका छन्।

दक्षिण एशियामा वायु प्रदूषण र जनस्वास्थ्यको विषयलाई लिएर विश्व बैंकले सफा हावाको लागि संघर्ष (स्ट्राइभिङ फर क्लिन एयर) नामक प्रतिवेदन प्रकाशन गरेको छ। संसारका सबैभन्दा प्रदूषित १० शहरमध्ये नौ वटा खराब वायु भएका शहर रहेको दक्षिण एशियामा वार्षिक २० लाखभन्दा बढी अपरिपक्व मृत्यु खराब हावाकै कारण हुने गरेको छ। यहाँ वर्षभर वायुको गुणस्तर डब्लूएचओको निर्धारित मानकभन्दा २० गुणासम्म बढी छ।

दक्षिण एशियाली देशले वायुमण्डलमा पीएम २.५ को घनत्व नियन्त्रणमा आंशिक सफलता मात्र प्राप्त गरेको भन्दै अत्यन्तै कठोर नीति बनाइ कार्यान्वयन गर्न विश्व बैंकले सिफारिस गरेको छ। समाधानका रूपमा भने सिंगो भारतीय उपमहाद्वीपमा अन्तर्देशीय सहकार्य गर्न सुझाइएको छ।

### संकटको भुमरीमा सीमान्तकृत

यसै वर्षको गर्मीयाममा तापक्रमले रेकर्ड कायम गर्दा भारतको नयाँ दिल्लीमा 'आउटडोर' काम गर्ने गरिब, श्रमिक, अटो रिक्सा चालक, मजदुर, किसानले औसतमा १५ दिन बराबरको श्रमयोग्य समय कटौती गर्नुपरेको समाचार आएका थिए। अहिलेको विषाक्त वायु प्रदूषणको पहिलो शिकार पनि तिनै सीमान्तकृत समुदाय हुन्, जसको भूमिका न त 'हिटवेभ' सिर्जना गर्नुमा थियो, न त अहिलेको विषाक्त वायु प्रदूषणमा।

एकातिर श्रमयोग्य समयमा काम गर्न नसकिने, अर्कोतर्फ अलिअलि आम्दानी पनि वातावरणीय संकटबाट सिर्जित रोगको ओखती गर्न सक्काउनु पर्ने। ज्यानै रोगी भए भोलि काम कसरी गर्ने ? एअर प्युरिफायर (हावा प्रदूषण कम गर्न कोठाभित्र प्रयोग गरिने आधुनिक मेसिन) लगाएर बन्द घरभित्र बस्ने वा प्रदूषणको उत्कर्षको समयमा टाढाको 'हिलसाइड' उक्लिएर 'डिजास्टर भ्याकेसन' मनाउने नसिब सीमान्तकृतले कहाँ पाउनु ?

### वायु प्रदूषणः स्थानीय सन्दर्भ

दाङको घोराही बस्ती बीचमै छ, घोराही सिमेन्ट इन्डस्ट्रिज। सिमेन्ट उद्योग आसपास बाक्लो धुवाँले छपक्कै ढाकेको हुन्छ । दाङका दुई उपमहानगरपालिका (घोराही र तुलसीपुर) जोड्ने सडक चार लेन बिस्तार गर्ने भन्दै भत्काएर धुलाम्मे भएको चारपाँच वर्ष भयो। चार लेन कहिले बन्ने हो, 'परमेश्वर' नै त्यो जानून्, र धुलो भने हामीले राम्रैसँग खाइरहेका छौँ। नगरवासीको अर्को पुरुषार्थ पनि छ है ! त्यो के भने घरआँगन, चोकचौराह, पसल र अफिसको प्लास्टिक समेत मिसिएको फोहोर सर्लक्क बढार्छन्, सडकछेउ या कुनामा थुप्रो लगाउँदै आगो झोस्छन्, कैयौँ दिन त्यसबाट धुवाँ पुत्ताइरहेको हुन्छ। सवारीसाधनको प्रदूषणको मापनचाहिँ कुरै मात्र हुन्। निर्माण सामग्री (बालुवा, गिट्टी) बोक्ने टिपर बेलगाम हिँड्दा बाटाभर खस्ने बालुवा र गिट्टीको धुलोले सडकक्षेत्र सधैँ धुलाम्मे रहिरहन्छ। ससाना स्रोतबाट निस्कने धुलोधुवाँको योगबाट नै विषाक्त वायुमण्डल बन्ने हो। वातावरण विभागको 'स्ट्याटस अफ एअर क्वालिटी इन नेपाल, एनुअल रिपोर्ट २०२१' अनुसार दाङको घोराही, रामपुर सडकमा राखिएको हावाको गुणस्तर नाप्ने संयन्त्रबाट नापिएको पीएम २.५ को मात्रा सन् २०२१ मा औसतमा ३४.५६ क्युबिक मिटर रहेको थियो।

यही बिहीबार (मंसिर ६ गते) घोराही–चन्द्रौटा–तौलिहवा–भैरहवा–बुटवल सम्मको यात्रा प¥यो। महेन्द्र राजमार्गमा पर्ने बजार र त्यसभन्दा तलको क्षेत्र बाक्लो तुवाँलोले छोपेको छ। आँखा पोलेर हैरान। घाँटी खसखस ग¥याग¥यै छ। पराल जलाउने चलन छिमेकी भारतको पन्जाबमा मात्र होइन रहेछ, हाम्रो तराई क्षेत्रमा पनि व्यापक छ। त्यसको मार पनि मानवलगायत सबैले भोगेकै छन्। तौलिहवादेखि भैरहवाको बीचमा निर्माण कार्य अव्यवस्थित छ, सडक धुलाम्मे छन्। बीचमा पर्ने बुद्धभूमि लुम्बिनी धुलोमा गुम्सिरहेको छ। सडक किनारका फोहोरमा आगो लागिरहेको छ । पराल बोकेका ट्याक्टरले परालको मसिनो धुलो उडाइरहँदा आँखा जोगाउन मुस्किल छ। बुटवल बजार क्षेत्रको आकाशे पुलबाट तलमाथि हेर्दा 'भिजिबिलिटी' पातलो छ। उत्तरतर्फका नजिकैको पहाड पनि देख्न मुस्किल छ।

संयुक्त राष्ट्रसंघले धर्तीका र मानव सभ्यताका लागि तीन महासंकटको रूपमा जलवायु संकट, जैविक विविधताको क्षयीकरण र वायु तथा प्लास्टिक प्रदूषण पहिचान गरेको छ। यसबाट पनि प्रस्ट हुन्छ कि वायु प्रदूषण कति भयावह छ भनेर।

### भयावह वायु प्रदूषण तर हाम्रो खोई हाम्रो चासो ?

आजसम्म कुनै नेता शासक वा प्रशासकले वायु प्रदूषण, यसको भयावह प्रभाव र समाधानका सूत्रबारे बहस छलफल वा कुनै अगुवाइ गरेको सुनेका छौँ ? मानव स्वास्थ्यका लागि यस्तो विकराल समस्यालाई समस्याको रूपमा स्वीकार गर्ने त परै जाओस्, समस्याको रूपमा पहिचान गरेको समेत बिरलै भेटिन्छ। नेता, शासक र प्रशासक मात्र नभई नागरिक अगुवा, लेखक, 'बौद्धिक जमात'ले समेत यसबारे बोलेको लेखेको कमै सुनिन्छ।

मानव स्वास्थ्यको लागि आपत्कालकै अवस्थामा पुग्दासम्म पनि हामी बोल्दैनौँ,लेख्दैनौँ र केही पहल गर्दैनौँ भने केको बौद्धिक? केको नागरिक समाज? उकालो

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# रवि अझै १५ दिन हिरासतमा



**गण्डकी ।**
सहकारी ठगी तथा सङ्गठित अपराधसम्बन्धी मुद्दामा कास्की प्रहरीको हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप १५ दिन हिरासतमा राख्न जिल्ला अदालत कास्कीले अनुमति दिएको छ ।
लामिछानेलाई आइतबार कास्की जिल्ला अदालतमा उपस्थित गराइएको थियो । जिल्ला अदालतका न्यायाधीश हिमलाल वेल्बासेको इजलासले थप १५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए ।यसअघि गत कात्तिक २५ गते कास्की जिल्ला अदालतले उनलाई १३ दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएकामा उक्त म्याद शुक्रबार सकिएपछि आइतबार अदालत उपस्थित गराइएको थियो । अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका पूर्वगृहमन्त्री लामिछाने गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ परेका थिए ।रासस

# सहज वातावरणमा उपनिर्वाचन गराइने



**काठमाडौँ ।**
निर्वाचन आयोगले यही मङ्सिर १६ गते उपनिर्वाचन हुने स्थानीय तहमा सहज वातावरण बनाउने भएको छ । आयोगले उपनिर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न/गराउन उपनिर्वाचन हुने स्थानीय तहमा मतदानस्थल उपयोग गर्ने, सार्वजनिक बिदा दिने र मतदाताका लागि मतदान गर्न सहज वातावरण बनाउने भएको छ ।
आयोगको आइतबारको बैठकबाट उपनिर्वाचनका लागि यही मङ्सिर १३ गतेदेखि मङ्सिर १६ गते मतदान सम्पन्न नभएसम्म मतदानस्थलका रूपमा कायम भएका सामुदायिक विद्यालय, निजी विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, औद्योगिक प्रतिष्ठान वा अन्य सार्वजनिकस्थल निर्वाचन प्रयोजनका लागि उपयोग गर्ने व्यवस्था मिलाउन नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत उपनिर्वाचन हुने सबै स्थानीय तहलाई निर्देशन दिने निर्णय गरिएको आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् ।
मतदान हुने दिन स्थानीय तहको प्रमुख वा उपप्रमुख वा अध्यक्ष वा उपाध्यक्ष पदका लागि उपनिर्वाचन हुने स्थानीय तहमा सम्बन्धित स्थानीय तहभर र वडाअध्यक्षको उपनिर्वाचन हुने स्थानीय तहमा वडाको क्षेत्रभित्र सम्बन्धित स्थानीय तहअन्तर्गतका कार्यालयमा सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाउने आयोगले निर्णय गरेको उनले बताइन् । उपनिर्वाचन हुने स्थानीय तहका मतदातालाई बिदाको सुविधा वा अन्य उपयुक्त वैकल्पिक उपाय अपनाई मतदान गर्ने सहज व्यवस्था मिलाई दिन सम्बन्धित स्थानीय तह वा जिल्लास्थित निजी क्षेत्रबाट सञ्चालित औद्योगिक वा शैक्षिक वा अन्य प्रतिष्ठानलाई आह्वान गर्ने आयोगले निर्णय गरेको छ । रासस

# प्रहरी विधेयक मन्त्रीपरिषद्मा

**काठमाडौँ ।**
नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक आइतबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पेस गरिएको छ ।
गृह मन्त्रालयले प्रहरी र सशस्त्र प्रहरी बल सम्बन्धी कानुनलाई संशोधन गर्न अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र लोक सेवा आयोगको सहमतिपछि प्रहरी विधेयक मन्त्रिपरिषदमा पेस गरेको हो ।
गृह मन्त्रालय कानून महाशाखाका प्रमुख सहसचिव भरतमणि रिजालले प्रहरी ऐन २०१२ मा व्यवस्था भएका कानुनी प्रावधानहरूलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा विभिन्न मितिमा भएका फैसला कार्यान्वयन गर्नुका साथै प्रहरी सेवालाई नेपालको संविधान तथा प्रचलित कानुन, लोकतन्त्र र कानुनी शासन र मानव अधिकारप्रति प्रतिबद्ध, लैङ्गिक संवेदनशील, जबाफदेही, उत्तरदायी, प्रभावकारी तथा व्यवसायीक बनाउन विधेयक स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेस गरिएको बताए ।
उनले सार्वजनिक शान्ति प्रवर्द्धन, अपराध रोकथाम तथा नियन्त्रण गरी शान्ति, सुरक्षा एवं सुव्यवस्था कायम गर्न र अपराधको अनुसन्धान गर्न नेपाल प्रहरी सेवाको गठन, सञ्चालन तथा सेवाको शर्तसम्वन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक संघीय संसदमा प्रस्तुत गर्न स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरेको जानकारी दिए ।
त्यसैगरी सशस्त्र प्रहरी ऐन, २०५८ मा व्यवस्था भएका कानुनी प्रावधानहरूलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ सशस्त्र प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा फैसला कार्यान्वयन गर्नुका साथै सशस्त्र प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानुन तथा मानव अधिकारप्रति प्रतिबद्ध, व्यवसायिक र प्रभावकारी बनाउँदै शान्ति, सुरक्षा एवं सुव्यवस्था, विपद् व्यवस्थापन, सीमा सुरक्षा, सीमा अपराध नियन्त्रण लगायतका काममा परिचालन गर्नका लागि सशस्त्र प्रहरी सम्बन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक अघि बढाइएको कानुन महाशाखाका प्रमुख रिजालले बताए ।
गृहमन्त्री रमेश लेखकले पद बहालीसँगै प्रहरी संगठन समयसापेक्ष व्यवस्थित, सुदृढ र क्रियाशील बनाउने विषय प्राथमिकतामा राखेर विधेयक परिमार्जन र संशोधनलाई गृह मन्त्रालयले अघि बढाएको हो ।
'मन्त्रीपरिषद्को कार्यालयमा विधेयक पेस भयो, अब मन्त्रीपरिषद्ले विधेयक संघीय संसदमा प्रस्तुत गर्न स्वीकृति दिनेछ,' गृह मन्त्रालयका रिजालले भने,'नेपाल प्रहरी ऐन, २०१२ र सशस्त्र प्रहरी ऐन, २०५८ संशोधन भए संगठनलाई थप सुदृढ र कार्य सञ्चालनमा सहज हुने अपेक्षा गरिएको छ ।'
गृहमन्त्री रमेश लेखकले आफ्नो प्राथमिकतामा राखेको प्रहरी विधेयक आगामी संघीय संसदबाट पारित गराउने लक्ष्य राखेका छन् ।
गृह मन्त्रालयले दुवै प्रहरी ऐनलाई प्रतिस्थापन गरी प्रहरी सेवाको विशिष्टीकरण, प्रहरी कर्मचारीको हित र कल्याणका नयाँ प्रावधान विधेयकमा समाविष्ट गरिएको जनाएको छ । प्रस्तावित विधेयकले ऐनको हैसियत प्राप्त गरेपछि दुवै प्रहरी संगठनको बृहत्तर हित हुने विश्वास व्यक्त गरिएको छ । रासस

# सभामुख र कम्बोडियन समकक्षीबीच भेटवार्ता



**काठमाडौँ ।**
पाँचदिने कम्बोडिया भ्रमणमा रहनुभएका सभामुख देवराज घिमिरेले संसदीय भेटघाट सुरु गरेका छन् ।
सभामुख घिमिरेले कम्बोडियन समकक्षी तल्लो सदन नेसनल एसेम्ब्लीका अध्यक्षसँग शिष्टाचार भेट गरेको सभामुख घिमिरेको सचिवालयले जनाएको छ ।
भेटमा द्विपक्षीय हित, नेपालको शान्ति प्रक्रियाको प्रगति, संसदीय आदानप्रदानलगायत विषयमा छलफल भएको छ । सभामुख घिमिरेले शनिबार कम्बोडियाको राष्ट्रियसभाका अध्यक्ष सम्देच मोहा रथसपिथिकाथिपादेई खुऔन सुदारीसँग भेट गरेका थिए । भेटमा सभामुखले सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद्को ११ औँ पूर्ण सत्रको आयोजना गरी आमन्त्रण गरेकामा धन्यवाद दिएका थिए ।
सभामुख घिमिरेले भेटमा नेपालको शान्ति प्रक्रियासँगै समावेशी र प्रगतिशील संरचना निर्माण भएको बताएका थिए । 'नेपालमा सन् २००६ मा भएको विस्तृत शान्ति सम्झौताले स्थायित्व ल्याउनुका साथै संविधानसभाबाट सङ्घीयतासहितको समावेशी र प्रगतिशील संरचना बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ',सभामुखले भने ।
नेपालको शान्ति प्रक्रियामा प्राप्त गरेको सफलता र संसद्बाट हालै सङ्क्रमणकालीन न्यायसम्बन्धी कानून पारित गरेको भन्दै सभामुखलाई कम्बोडियन संसद्ले 'गार्ड अफ अनर' दिएको छ ।
सभामुखले प्रधानमन्त्री सम्देच हुनमानेटको गतिशील नेतृत्वमा कम्बोडियाले सामाजिक–आर्थिक विकास गरेकामा खुसी व्यक्त गरे । उनले भने,'विगत दशकमा कम्बोडिया अधिराज्यले हासिल गरेको आर्थिक समृद्धिप्रति नेपाल सरकार, नेपालको संसद् र नेपाली जनताले प्रशंसा गर्दछन् ।'
सभामुख घिमिरेले नेपाल र कम्बोडिया सरकारबीच भर्खरै सम्पन्न भएको हवाई सेवा सम्झौताले दुई देशका जनताबीचको सम्बन्ध र सम्पर्कलाई एकापसमा जोड्न सघाउ पुग्ने विश्वास व्यक्त गरे । सभामुख घिमिरेले आइतबार बिहान प्रधानमन्त्री हुनमानेटसँग अनौपचारिक भेट गरेका थिए ।पाँच सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कम्बोडियाको राजधानी नोम पेन्ह पुगेका सभामुख आगामी मङ्सिर ११ गते मङ्गलबार स्वदेश फर्कनुहुनेछ । रासस

# अनावश्यक खर्च कटौती गर्नुपर्छः मुख्यमन्त्री कार्की

**विराटनगर ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले अनावश्यक खर्चलाई कटौती गरेर पुँजीगत खर्च बढाउनुपर्ने बताएका छन् ।
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले आइतबार आयोजना गरेको छलफलमा मुख्यमन्त्री कार्कीले अनावश्यक खर्च कटौती गर्दै संरचनाको बाढीलाई रोक्नुपर्ने बताए ।
राष्ट्रिय पुँजीको विकास गर्ने विषयलाई प्राथमिकता दिएर काम गर्नुपर्ने बताउँदै मुख्यमन्त्री कार्कीले त्यसका लागि पर्यटन, सूचनाप्रविधि, कृषि र निर्माण क्षेत्रमा ध्यान दिनुपर्ने उल्लेख गरे । स्वदेशी उत्पादनलाई बढाउने र निर्यातजन्य उद्योगलाई प्रोत्साहन गर्ने नीति ल्याउँदै उनले प्रदेश र स्थानीय तहले गर्नसक्ने कामलाई उनीहरूको क्षमताका आधारमा केन्द्रले सहयोग गर्नुपर्ने बताए ।
जवाफदेही र उत्तरदायित्वको अभावले पनि सुधार गर्न नसकिएको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले भने,'एकैदिनमा गर्न सकिने काम पनि लामो समयसम्म रहने प्रवृत्तिको अन्त्य गर्नु जरूरी छ ।'
प्रशासनिक सुधार र राजस्व उठाउने विषयमा जवाफदेहिता र सहकार्यको मोडलबाट काम गर्न सकिएमा नतिजा आउनसक्ने मुख्यमन्त्री कार्कीले बताए । उनले भने, 'कतिपय अवस्थामा सुधारको लक्षण देखापरे पनि त्यसलाई नजरअन्दाज गरेर नकारात्मक प्रचार गर्ने प्रवृत्तिले पनि समस्या उत्पन्न हुने गरेको छ, नकारात्मक कुराहरूलाई निरूत्साहन गर्नु अहिलेको आवश्यकता हो ।'
कार्यक्रममा कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले असल अभ्यासहरूलाई अन्यत्र लैजाँदै ठूलो पुँजीलाई मात्र होइन साना पुँजीलाई पनि प्रोत्साहन गरेर अगाडि बढ्नुपर्ने बताए । निर्यातमूलक उद्योगलाई प्रोत्साहन गर्दै तत्काल लोकप्रिय हुने कार्यक्रमभन्दा दीर्घकालीन कार्यक्रमहरू अगाडि सार्नुपर्ने उनले बताए ।
कोशी प्रदेश सरकारका मन्त्रीहरू, सचिवहरूको उपस्थितिमा आयोगले छलफल गरेको थियो । कार्यक्रममा सहभागी भएकाहरूले ऐन नियमहरूलाई सहज र सरल बनाइनुपर्ने, नियमनकारी निकायहरूको भूमिका प्रभावकारी बनाइनुपर्ने, सङ्घीय संरचनाअनुसारको अधिकारलाई प्रत्यायोजन गरेर काम गर्नुपर्ने, रोजगारमूलक उद्योगलाई प्रबद्र्घन गर्नुपर्ने, एकै प्रकृतिका सरकारी कार्यालयलाई तीन तहमा विस्तार गर्न नहुनेलगायत सुझाव दिएका थिए । रासस

# प्रचण्डद्वारा राईप्रति श्रद्धाञ्जली



**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीका केन्द्रीय सदस्य पदमबहादुर राईको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली व्यक्त गरेका छन् । पार्टी कार्यालय पेरिसडाँडास्थित केन्द्रीय कार्यालय परिसरमा राखिएको केन्द्रीय सदस्य राईको पार्थिव शरीरमा उनले झण्डा ओढाएर सम्मान व्यक्त गरेका हुन् ।
त्यस अवसमा उपाध्यक्षहरू अग्निप्रसाद सापकोटा र पम्फा भुसाल, पूर्वसभामुख ओनसरी घर्ती,पूर्वमन्त्री, सांसद, पार्टी नेता तथा कार्यकर्ताले उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेका हुन् ।
भोजपुरको षडानन्द नगरपालिका बोयामा लालबहादुर राई र दौलती राईको कोखबाट २०२३ पुस १५ गते जन्मनुभएका उहाँको मङ्सिर ८ गते बेलुका ५८ वर्षको उमेरमा पार्किन्सनको उपचारका क्रममा वीर अस्पताल निधन भएको थियो ।विसं २०४६ बाट अनेरास्ववियु छैटौँबाट राजनीतिमा प्रवेश गर्नुभएका राई २०४७ सालमा स्थानीय इकाइ सदस्य हुँदै सुनसरी र मोरङ जिल्ला सदस्य, भोजपुर जिल्ला सचिव, भोजपुर–तेह्रथुम–सङ्खुवासभा इञ्चार्ज, जनमुक्ति सेनाको ब्रिगेड कमिसार तथा पार्टी केन्द्रीय सदस्य हुँदै पोलिटब्युरो सदस्यसम्मको जिम्मेवारी सम्हालेका थिए ।
विसं २०६३ मा अन्तरिम व्यवस्थापिका संसद् सदस्य एवं भौतिक योजना राज्यमन्त्रीसमेत भएका उनी विसं २०६४ को संविधानसभा निर्वाचनमा भोजपुर क्षेत्र नं १ बाट निर्वाचित भएका थिए । उनको निधनप्रति नेकपा (माओवादी केन्द्र)ले श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गरेको गरेको छ ।
पार्टी अध्यक्ष दाहालद्वारा जारी शोक वक्तव्यमा केन्द्रीय सदस्य राईको निधनले कम्युनिष्ट आन्दोलनमा अपूरणीय क्षति पुगेको जनाउँदै आमपार्टी पङ्क्ति र जनसमुदायमा शोकलाई शक्तिमा बदल्न आह्वान गरेका छन् । उनको आइतबारै पशुपतिस्थित विद्युतीय शवदाह गृहमा दाहसंस्कार गरिएको पार्टीले जनाएको छ । उनका श्रीमती, एक छोरा र एक छोरी छन् । रासस

# मन्त्रालयले लियो फोहोर व्यवस्थापनमा यस्तो निर्णय

**काठमाडौँ ।**
सहरी विकास मन्त्रालयले काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न सरोकार भएकासँग छलफल गरेको छ ।
मन्त्रालयमा आइतबार भएको 'बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइट सञ्चालनमा सहजरीकरण, समन्वय र अनुगमन गर्न गठित उच्चस्तरीय समिति'को बैठकले उपत्यकाको फोहर व्यवस्थापनमा देखिएका समस्या समाधानका गर्न विभिन्न निर्णय गरेको छ ।
बैठकमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापनमा देखिएका चुनौती र समस्या सबैको सरोकारको विषय भएकाले समाधानका लागि सबै मिलेर अघि बढ्नुपर्ने बताए ।
विसं २०७८ फागुन २६ गतेको मन्त्रिपरिषद्को बैठकले समिति गठन गरेको थियो । उपप्रधानमन्त्री सिंहले भने,'फोहर व्यवस्थापनमा सबैले आवश्यक मापदण्ड पालना गर्नुपर्छ । फोहर वर्गीकरण, पुनःप्रयोगलगायत विषयमा सबैले ध्यान दिन जरुरी छ । यसमा मन्त्रालयबाट आवश्यक सहयोग र समन्वय रहन्छ ।'
उपप्रधानमन्त्री सिंहले ल्याण्डफिल साइटका स्थानीयले राखेका माग सम्बोधन गर्न विकल्पका बारेमा छलफल गरी अघि बढ्न सकिने उल्लेख गरे । यसमा देखिएका समस्या समाधान गर्न तीनै तहका सरकार मिलेर अघि बढ्नुपर्नेमा उनले जोड दिए ।
आइतबार भएको छलफलबारे जानकारी दिँदै मन्त्रालयका सचिव मणिराम गेलालले उपत्यकाको फोहर व्यवस्थापनको नेतृत्व काठमाडौँ महानगरपालिकाले लिने जनाउँदै स्थानीयको जायज माग व्यवस्थापनका लागि विभिन्न सुझाव आएको बताए । फोहर ओसार्न वैकल्पिक बाटो निर्माण, ल्याण्डफिल साइटको जग्गा अधिग्रहणका बारेमा स्पष्टता, कुहिने फोहर उपत्यकामा विसर्जन गरी मल बनाउनेलगायत विषयमा आइतबार निर्णय भएको उनले जानकारी दिए ।
बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठ, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका भरतमणि सुवेदी, ललितपुर महानगरपालिका प्रमुख एवं उपत्यका मेयरर्स फोरमका अध्यक्ष चिरीबाबु महर्जन, विभिन्न नगरपालिकाका प्रमुख तथा प्रशासकीय अधिकृतलगायत उपस्थित थिए । रासस

# निकुञ्जमा घटे पर्यटक



**चितवन ।**
चितवन राष्ट्रिय निकुञ्जमा घुम्न आउने पर्यटकको सङ्ख्या गत वर्षको तुलनामा यस वर्ष घटेको छ । गत वर्ष साउनदेखि कात्तिकसम्म ७७ हजार तीन सय ५९ पर्यटकले निकुञ्ज भ्रमण गरेकामा चालु आवको सोही अवधिमा ५६ हजार छ सय ७५ जनाले निकुञ्ज तथा सामुदायिक वनको अवलोकन तथा भ्रमण गरेका छन् ।

निकुञ्ज र आसपासका सामुदायिक वनमा चालु आवको चार महिनामा ५६ हजार छ सय ७५ जनाले अवलोकन गरेका बताउँदै निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले गत कात्तिकमा मात्रै २८ हजार दुई सय ११ पर्यटकले भ्रमण गरेका जानकारी दिए ।

उनका अनुसार साउनदेखि असोजसम्म २८ हजार चार सय ६४ जनाले निकुञ्ज तथा सामुदायिक वनको अवलोकन तथा भ्रमण गरेका छन् ।

गत वर्षको चार महिनाको तुलनामा यस वर्षको सोही अवधिमा २० हजार छ सय ८४ जना पर्यटक कम भएका निकुञ्जका सूचना अधिकारी मगरले जानकारी दिनुभयो । पछिसम्म झरिपरिरहेकाले सडक अवरोध भएर पर्यटकको सङ्ख्यामा कमी आएको उहाँको भनाइ छ ।

गत आवको असोजसम्म २८ हजार चार सय ६४ र कात्तिकमा ४८ हजार आठ सय ९५ पर्यटकले निकुञ्जको भ्रमण गरेका मगरले जानकारी दिए । साउनदेखि असोजसम्म निकुञ्जभित्र पर्यटकीय गतिविधि रोकिने हुँदा पर्यटकको सङ्ख्यामा कमी आउने गरेको भन्दै यो समयमा सामुदायिक वनमा भने पर्यटकको आवागमन भइरहने गरेको उनले बताए ।

गतवर्ष विभिन्न नाकाबाट गरी तीन लाख पाँच हजार एक सय ७० पर्यटकले निकुञ्ज तथा सामुदायिक वन क्षेत्रको अवलोकन गरेका निकुञ्ज कार्यालयले जनाएको छ । यहाँ घुम्न आउने पर्यटकले सौराहा, मेघौली, कसरा, अमलटारीलगायत नाकाबाट प्रवेश गर्ने गरेका छन् ।

सबै भन्दाबढी सौराहाबाट पर्यटक निकुञ्ज प्रवेश गर्दछन् । सामुदायिक वन तथा निकुञ्ज क्षेत्रमा एक सिङ्गे गैंडा, पाटेबाघ, भालु, अन्य वन्यजन्तु तथा चराचुरुङ्गीको अवलोकन गर्न, स्वदेशीसँगै सार्कमूलुक र तेस्रो मुलकबाट पर्यटक जङ्गल सफारीका लागि यहाँ पर्यटक आउने गर्दछन् ।रासस

# संशोधन हुँदैछन् यी कार्यविधि



**काठमाडौँ ।**
राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक) को ५३औँ बैठकले समपूरक र विशेष अनुदानसम्बन्धी मौजुदा कार्यविधि संशोधनका लागि मस्यौदा तयार पारी तीन महिनाभित्र मन्त्रिपरिषद्मा पेस गर्न निर्देशन दिएको छ ।

अघिल्लो साता बसेको एनडेक बैठकले समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ संशोधनका लागि मस्यौदा तयार पार्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिएको हो ।

'स्थानीय तह एवं प्रदेशको वित्तीय क्षमता अनुसार समपुरक अनुदानमा लगानीको हिस्सा वित्तीय क्षमतामैत्री हुनेगरी र सामाजिक, आर्थिक समता अभिवृद्धिमा योगदान दिनेगरी समपुरक अनुदानसम्बन्धी मौजुदा कार्यविधिमा संशोधनको लागि तीन महिनाभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्नेछ', एनडेकको निर्णयमा भनिएको छ ।

विशेष अनुदानअन्तर्गत सञ्चालन भएका आयोजना÷कार्यक्रमलाई सन्तुलित विकास गर्न, विभेद्मा परेका वर्ग वा समुदायको उत्थान एवं विकासमा योगदान दिनेगरी मौजुदा कार्यविधिमा संशोधन गर्न भनिएको छ ।

विद्यमान कार्यविधिअनुसार सङ्घीय समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कूल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्ने छ भने ५० प्रतिशत रकम सङ्घीय सरकारले उपलब्ध गराउँछ ।

आर्थिक रूपमा कमजोर तथा दुर्गमका स्थानीय तहले ५० प्रतिशत लागत बेहोर्न सक्ने क्षमता नहुँदा समस्या देखिएको राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा.दिवाकर लुइँटेलले बताए । 'आधा लागत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्नुपर्ने भएपछि उनीहरु आफ्नो स्रोत अभावमा योजना तथा कार्यक्रम प्रस्ताव गर्न नसक्ने अवस्था थिए । स्रोतको समन्यायिक वितरण गर्न पनि लागत साझेदारी घटाएर कम गर्ने वा राख्दै नराख्ने भन्नेबारे अध्ययन गरी कार्यविधिको मस्यौदा तयार पारेर मन्त्रिपरिषद्मा पेस हुनेछ', उनले भने ।

सङ्घीय समपूरक तथा विशेष अनुदानसम्बन्धी विद्यमान कार्यविधिको व्यवस्थाअनुसार योजना आयोगले प्रत्येक वर्ष मङ्सिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षका लागि समपूरक र विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गरिसक्नुपर्दछ ।

त्यस्तै, सम्बन्धित प्रदेश र स्थानीय तहले पुस मसान्तभित्रमा यस्तो अनुदान लिनका लागि प्रस्ताव पेस गरिसक्नुपर्ने हुन्छ । कार्यविधि संशोधनका लागि एनडेकले तीन महिनाको समयावधि दिएको अवस्थामा विद्यमान व्यवस्थाअनुसार प्रस्ताव माग हुन्छन् वा नयाँ व्यवस्थाअनुसार माग हुन्छ भन्ने स्पष्ट नभएको आयोगका सहप्रवक्ता लुइँटेलले उल्लेख गरे । कार्यविधि चाँडो संशोधन गरेर त्यसपछि मात्रै योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्न उपयुक्त हुने उनले धारणा राखे ।

'कार्यविधि संशोधनका लागि काम सुरु भइसकेको छ । योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्ने सूचना निकाल्नु अघि कार्यविधि संशोधन भइसक्छ', सहप्रवक्ता लुइँटेलले भने ।

सङ्घीय सरकारले योजना आयोगको सिफारिसमा हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ । प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रूपमा यी अनुदान उपलब्ध गराइन्छ । यस्तो अनुदान लिन प्रस्ताव गरिएका योजना तथा कार्यक्रमले निश्चित प्रक्रिया पूरा गर्नुपर्दछ ।

आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए), लागत अनुमान, आयोजना सम्पन्न हुने अवधिलगायत विवरण अनिवार्य रूपमा प्रस्तावसँगै पेस गर्नुपर्ने आयोगले जनाएको छ । सम्बन्धित पालिकाको कार्यपालिकाबाट स्वीकृत गराएर मात्रै ती योजना तथा कार्यक्रमका लागि बजेट माग गर्नुपर्ने व्यवस्था पनि कार्यविधिमा उल्लेख छ ।

यस्तो अनुदानबाट खर्च बेहोर्ने योजना तथा कार्यक्रम तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने हुन्छ । तीन वर्षभन्दा बढी समय लाग्ने बहुवर्षे आयोजनाका लागि यो शीर्षकअन्तर्गत बजेट जाँदैन । प्रदेश सरकार र स्थानीय तहले यी शीर्षकमा अनुदान पाउने र खर्च गर्न पाउने रकमको सीमा पनि तोकिएको छ । समपूरक अनुदान दिनका लागि गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना÷कार्यक्रमको कूल लागत अनुमान न्यूनतम एक करोड रुपैयाँदेखि अधिकतम १० करोड रुपैयाँसम्म रहेको छ । उपमहानगर र महानगरपालिकाबाट कार्यान्वयन गरिने समपूरक अनुदानका कार्यक्रमको लागत न्यूनतम पाँच करोड रुपैयाँदेखि अधिकतम २५ करोड रुपैयाँसम्म रहेको छ । प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि कूल लागत अनुमान २० करोड रुपैयाँदेखि एक अर्ब रुपैयाँसम्म हुनुपर्छ ।

विशेष अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि भने प्रदेशको हकमा कम्तीमा १० करोड रुपैयाँ र स्थानीय तहको हकमा कम्तीमा ५० लाख रुपैयाँदेखि बढीमा १० करोड रुपैयाँसम्मको सीमा तोकिएको छ । क्षेत्रगत रूपमा पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाका लागि समपूरक अनुदान दिने गरिन्छ । विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्य सुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापन जस्ता क्षेत्रसँग सम्बन्धित आयोजना पर्दछन् ।रासस

# 'स्टार्ट अप लोकप्रिय कार्यक्रम बन्छ'




**काठमाडौँ ।**
उद्योग,वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले युवा उद्यमी तथा नवप्रवर्तकका लागि 'स्टार्ट अप' लाई सरकारले लोकप्रिय कार्यक्रमका रूपमा अगाडि बढाएको बताएका छन् ।

मन्त्रालयद्वारा 'उद्यमशील संस्कृति, राष्ट्रको समृद्धि' भन्ने नाराका साथ दशौँ राष्ट्रिय दिवसका अवसरमा काठमाडौँमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले 'स्टार्ट अप' कार्यक्रमलाई लोकप्रिय बनाउन निजीक्षेत्र र बैंक तथा वित्तिय क्षेत्रको पनि उत्तिकै सहयोग आवश्यक रहेको औँल्याए । मन्त्री भण्डारीले बैंक तथा वित्तिय संस्थालाई 'स्टार्ट अप' सँग जोडेर थन्किएर रहेको पुँजीलाई चलायमान बनाउन आग्रह गरे ।

मन्त्री भण्डारीले मुलुकमा देखिएको औद्योगिक क्षेत्रको निराशा चिर्न सरकार र निजी क्षेत्रबीच सहकार्यको आवश्यकता रहेको बताए । कानूनी रूपमा देखिएका जटिलता हटाएर सरकार निजी क्षेत्रसँग हातेमालो गर्न तयार रहेको उनको भनाइ थियो ।

'निजी क्षेत्र र सरकारबीच सहकार्य भए समृद्धि टाढा छैन', मन्त्री भण्डारीले भने,'सरकार निजी क्षेत्रले भनेअनुसार बाधक रहेका सबै कानुन संशोधन गर्न तयार छ, निजी क्षेत्रले लगानीमैत्री वातावरण बनाउनका लागि बनाउनुपर्ने कानुनका विषयमा आवश्यक छलफलसहित सुझाव दिन म आग्रह गर्दछु ।'

उद्योग मन्त्रालयसँग सम्बन्धित ऐन, नियम र कानुन लामो समयदेखि संसद् र संसदिय समितिमा अड्किएको अवस्था रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले एउटा मन्त्रालयको कानुनले अर्को मन्त्रालय नचिन्ने वातावरण हटाउन सरकार नीतिगत रूपमै लागेको जानकारी गराए ।

शिक्षा र रोजगारीका लागि विदेशिएका युवालाई यथेष्ट सहुलियत दिएर स्वदेश फर्काउनुपर्नेमा जोड दिँदै मन्त्री भण्डारीले निजीक्षेत्रको उत्तिकै सहयोगको खाँचो औँल्याए । रूग्ण उद्योग सञ्चालनका लागि निजी क्षेत्रसँगको सहकार्यमा आयोग बनाएर आवश्यक रणनीति बनाउन सरकारले छलफल थालेको उनको भनाइ छ ।

समारोहमा उद्योग सचिव कृष्णबहादुर राउत, वाणिज्य सचिव गोविन्दबहादुर कार्की, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष कुशकुमार जोशी, महासङ्घका उपाध्यक्ष शुरकृष्ण वैद्य, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल, नेपाल उद्योग व्यापार महासङ्घका वरिष्ठ उपाध्यक्ष श्यामप्रसाद श्रेष्ठ, महिला उद्यमी महासङ्घका अध्यक्ष शोभा ज्ञवाली लगायतले बजार चलायमान बनाउनका लागि सरकारले सहयोग गर्नुपर्ने बताए ।

उनीहरुले नेपाली उत्पादनको उपभोग बढाउन नसकेकामा चिन्ता प्रकट गर्दै नेपालमा उत्पादित वस्तु मेला, महोत्सव तथा प्रदर्शनीमा मात्र सिमीत बनेको गुनासो गरे । सरकारी स्तरबाटै नेपाली उत्पादनको उपभोग बढाउनुपर्नेमा जोड दिँदै उनीहरुले नेपाली उत्पादनको उपभोग नबढेसम्म बजार चलायमान हुन नसक्ने बताए ।

वक्ताहरूले आयात प्रतिस्थापनमा जोड दिँदै बाहिर मुलुकबाट आउने वस्तुको भन्सार दरभन्दा नेपाली उद्योगले आयात गर्ने कच्चापदार्थको भन्सार महशुल बढी हुँदा नेपाली उद्योगी मर्कामा परेको गुनासो गरेका थिए ।
रासस

# 'शान्तिधाम'मा बढ्दै पर्यटक

**काठमाडौँ ।**
काठमाडौँको उत्तरी क्षेत्र तारकेश्वरमा रहेको 'शान्तिधाम'मा आन्तरिक तथा बाह्य पर्यटक बढ्दै गएका छन् ।



विसं २०६८ मा तारकेश्वर नगरपालिका–२ काभ्रेस्थलीमा चारधाम मन्दिर निर्माण गर्ने उद्देश्यले 'शान्तिधाम' दर्ता भएपछि उक्त परिसरमा बद्रिनारायणको मन्दिर निर्माण भएसँगै आन्तरिक तथा बाह्य पर्यटक बढ्दै गएका हुन् ।

विसं २०७३ को निर्जला एकादशीमा शिलान्यास भई २०७५ रामनवमीमा निर्माण सम्पन्न भएको बद्रिनारायण मन्दिरमा दैनिक एक हजार बढी आन्तरिक तथा बाह्य पर्यटक घुम्न आउने गरेका छन् ।

यस्तै, बिदाको दिनमा तीन हजारदेखि पाँच हजार आन्तरिक तथा बाह्य पर्यटक आवतजावत गर्ने गरेको बृहत शान्तिधाम व्यवस्थापन समितिका अध्यक्ष श्रीराम थापाले जानकारी दिए । बिहान र बेलुका खुल्ने उक्त धाम मध्यान्ह १२ बजेदेखि ३ बजेसम्म बन्द हुँदै आएको छ । १५ करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको बद्रिनारायणको मन्दिर द्राबिड शिखरशैलीमा निर्माण भएको हो । उक्त मन्दिर कलात्मक र सुन्दर छ ।

विभिन्न क्षेत्रमा सत्सँग धार्मिक चेतना अभिवृद्धि गर्दै आएको शान्तिधाममा हिन्दू धर्मावलम्बीका दर्शनीय धार्मिकस्थल चारधाम निर्माण गर्ने उद्देश्य राखिएको बृहत शान्तिधाम नेपालका संस्थापक मठाधीश अनन्त श्रीविभूषित स्वामी चतुर्भुजाचार्य चूडामणि महाराजले बताए । 'वार्षिक हजारौँ नेपाली करोडौँ रकम खर्च गरेर छिमेकीमूलुक भारतका विभिन्न मठमन्दिर तथा धाम घुम्न जाने गरेका छन्, भारतमा रहेका धाम नेपालमै दर्शनको व्यवस्था मिलाउनका लागि बृहत शान्तिधाम नेपाल स्थापना गरी विभिन्न मठमन्दिरसहितको धाम निर्माण गर्न लागेका हौँ', उनले भने ।

अहिले बद्रिनारायणधाम निर्माण भए पनि आगामी दिनमा रामेश्वरम धाम, द्वारकाधीश धाम र जगन्नाथ धाम निर्माण गरिने मठाधीशको भनाइ छ । शान्तिधामभित्र सम्पन्न भएको बद्रिनारायण मन्दिर विसं २०७५ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरेका थिए ।

कूल १०० रोपनी क्षेत्रफलमा फैलिएको शान्तिधाम परिसरभित्र आयुर्वेद अस्पताल, वृद्धाश्रम, अनाथालय,गौशाला, गुरुआश्रम, धर्मशाला, अतिथि निवास, क्रियापुत्री भवन निर्माण गर्ने लक्ष्य राखिएको छ ।

नेपालमा पहिलोपटक एकै स्थानमा चारधाम मन्दिर, गौशाला, वृद्धाश्रम, अनाथालय, बाचनालय,भोजनालय, साङ्गीतिक हल साथै सुन्दरमुक्ति सरोवर निर्माण गरिएको यस शान्तिधाममा अक्षय तृतीयाका दिनमा ठूलो मेला लाग्ने गरेको व्यवस्थापन समितिका अध्यक्ष थापाले बताए । त्यसबाहेक कृष्ण जन्माष्टमी र एकादशीमा समेत मेला लाग्ने गरेको छ ।

शान्तिधाममा दैनिक १०० भक्तजनलाई आवास तथा भोजन गर्नसक्ने क्षमता छ । शान्तिधाम परिसरमा निर्माण गर्न लागिएको भौतिक संरचनाका लागि आर्थिक अभाव रहेको अध्यक्ष थापाको भनाइ छ आन्तरिक तथा बाह्य पर्यटन विकास गर्दै राज्यलाई सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको शान्तिधाममा दाताले सहयोग गर्ने क्रमसमेत बढ्दै गएको छ । सोही धाममा यही मङ्सिर १२ गते अन्नकुट महोत्सवसमेत हुन लागेको छ ।

शान्तिधाम परिसरमा बन्न लागेको भौतिक संरचना निर्माणका लागि नगरपालिकाले समेत आर्थिक सहयोग गर्दै आएको छ । नगरपालिकाका उपप्रमुख सिर्जना बुर्लाकोटीले शान्तिधाम क्षेत्रको विकासका लागि नगरपालिकाले प्रत्येक वर्ष आर्थिक सहयोग गर्दै आएको बताए ।

उनले यस वर्ष पनि रामेश्वरम धाम निर्माणका लागि बजेट विनियोजन गरिएको उल्लेख गरे । शान्तिधामलाई पर्यटक गन्तव्यका रुपमा विकास गर्नका लागि नगरपालिकाले उच्च प्राथमिकतामा राखेको उनको भनाइ छ ।

शान्तिधाम काठमाडौँको नयाँ बसपार्कबाट सात किलोमिटर उत्तरमा पर्दछ ।रासस


मोबाइलबाटै
मधेशदृष्टि
पढ्नका लागि
स्क्यान गर्नुहोस्

# लुम्बिनीको प्राचीन सम्पदा जोखिममा



**लुम्बिनी ।**
बुद्धका प्रतापी र सन्तीय गाथाहरु सुन्दै हुर्केका ६० वर्षीय हुसेनी लोधले किशोरावस्थामा मायादेवी मन्दिरमा देखेका प्राचीन मूर्ति र चीजवस्तुहरू खोज्दै गरेको वर्षौं बित्न लाग्यो । मनोलोकबाहेक उनले ती मूर्ति र चीजवस्तुहरुको साक्षात्कार गर्न सकेका छैनन् ।

प्राचीन मन्दिरभित्र रहेका मूर्तिहरूको दर्शन गर्ने उहाँको आश यत्तिका वर्षमा सेलाएर गएको छ । 'अब सायद कहिल्यै ती मूर्तिहरू लुम्बिनीको पवित्र माटोमा फर्किदैनन्', चिन्ता गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिका–३ का हुसेनीले दुःखेसो पोखे । मूर्ति खोजी गर्ने आतुरताले हुसेनीको मनमा दिएको सन्तापको यो अन्तिम कारण भने होइन । प्राचीन मन्दिर भत्काइनुअघि सन् १९९२ सम्म मन्दिर परिसरमा रहेको 'बोधीवृक्ष' र मन्दिरमा प्रयोग भएका प्राचीन इँटा पनि उहाँले देख्नु भएको छैन । त्यहाँ पुरानै दृश्यको झल्को दिने गरी नयाँ मन्दिर ठड्याइएको छ । बुद्ध गर्भस्थ रहँदा र जन्मेपछि पनि मायादेवीले स्नान गरेको पुस्कारिणी पोखरीलाई सिङ्गारिएको छ । सम्राट अशोकले ठड्याएको अशोक स्तभले बुद्ध जन्मस्थललाई पहिचान गराउँदैछ ।

उनले मायादेवी मन्दिरमा बिहानबेलुका बज्ने घण्टा र शङ्खध्वनिको आवाज सुनेर मन खुसी गराउन पाएका छैनन् । उनले आफूले सानो उमेरमा देखेका थुप्रै प्राचीन मन्दिर फेरिएको बताए । 'धार्मिक झल्को दिने पूजापाठ, मूर्ति र चीजवस्तुरु नहुँदा मन्दिरमा रौनकता छैन्', पण्डित युगुलकिशोर त्रिपाठीले भने, 'नयाँ ठड्याइएको मायादेवी मन्दिर र अनाधिकृत रुपमा निर्मित गजुरमाथि देखिने असंख्य परेवाहरुले त्यहाँ शान्तिको सौम्यतालाई होइन, अनमोल सम्पदाहरु हराइरहेको ढोंग र क्रुरतालाई प्रकट गरिरहेको आभास दिएको छ ।'

लुम्बिनी उपवनभित्र समयमाइ (जसलाई रूमिन्देइमाई र पछि महामाया पनि भनिन्छ) को स्थानमा महारानी मायादेवीको कोखबाट इशापूर्व ६२३ मा बोधीसत्वले जन्म लिएका थिए । तथागत भगवान बुद्धले राजकुमार सिद्धार्थका रुपमा यसै लुम्बिनी भूमिमा जन्म लिई पहिलो पाइला टेकेको स्थानीय श्रुति, अशोकस्तम्भ र विभिन्न धर्मग्रन्थमा उल्लेख छ । राजकुमार सिद्धार्थका रुपमा भगवान् बुद्धको न्वारान भएको लुम्बिनी उपवन त्यसै पनि पवित्र र महत्वपूर्ण छ । उनलाई जन्म दिनुपूर्व महारानी मायादेवीले स्नान गरेको पुस्कारिणी पोखरी, बोधीबृक्ष, स्थानीयले चिनोस्वरूप राखिदिनु भएको बुद्ध जन्मस्मारक शिला (मार्करस्टोन) र अशोक स्तम्भ त्यहाँका महत्वपूर्ण ऐतिहासिक तथा धार्मिक धरोहरहरु हुन् ।

प्राचीन मन्दिर आफैँमा अनमोल थियो । इन्द्रलगायत देवताहरुले पुष्पवृष्टि गरिरहेको बुद्ध जन्माङ्कृत मायादेबीको मुख्य मूर्ति, बाराहीदेवी, भगवान गणेश र दुर्गा भगवतीको मूर्ति तथा सन् १९९३ मा उत्खनन्बाट प्राप्त तथागत भगवान बुद्धको अस्तुधातुलगायतका चीजवस्तुहरू पनि लुम्बिनीका धार्मिक, पुरातात्विक सम्पदा हुन् ।

तर ती सम्पदाहरु कि त बिगारिएका छन्, तोडिएका छन् वा एक–एक गर्दै हराइरहेको पण्डित योगेन्द्रनाथ पाण्डेको भनाइ छ । 'सन् १९९३ मा मायादेवी मन्दिर तोडिदाको समयमा मन्दिर र मन्दिर परिसरभित्र ४७ थान मूर्ति तथा सामग्रीहरु रहेको तथ्याङ्क छ', पाण्डेले भने । ती मूर्तिहरु, सामग्रीहरु र अस्तुधातु समेतको खोजी गरी लुम्बिनीमै पुनःस्थापित गर्नुपर्ने उनको माग छ ।

'ती मूर्ति र सामाग्रीहरुमध्ये बुद्धजन्माङ्कृत मुख्य मूर्तिको माथिल्लो दाहिनेतर्फ इन्द्रलगायतका देवताले पुष्पवृष्टि गर्दै गरेको भाग खण्डित गरी काटेर निकालिएको छ' लुम्बिनी बचाउ महाअभियानका सहसंयोजक मेघनाथ आचार्यले भने, 'त्यसमध्ये बुद्ध जन्माङ्कृत महामायाको मार्बलको मूर्ति राजकीय बुद्ध बिहारमा राखिएको छ भने बाराहीदेबीको मूर्तिलाई दुई टुक्रामा खण्डित गरी सङ्ग्रहालयको बाह्य भागमा राखिएको छ । त्यसैगरी दुबै हात भाँचिएको मार्बलको बुद्ध मूर्ति तथा तामाको दुई थान बुद्ध मूर्तिबाहेक अनमोल मूर्तिहरु र अस्तुधातु लुम्बिनीमा देखिएका छैनन् ।'

लुम्बिनी विकास कोषले ११ सय ५५ बिघामा रहेको स्थानीयको घर–जग्गा अधिग्रहण गर्दा स्थानीयबासी विस्थापित भएपछि त्यहाँबाट धार्मिक तथा पुरातात्विक महत्वका मूर्ति र चीजवस्तुहरु हराउन थालेको लुम्बिनीमा गठित लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरामुद्दीन खाँले बताए । उनले भने, 'गुरूयोजना अनुसार मायादेवी मन्दिरलाई पुरानै स्वरूपमा तत्काल पुर्नस्थापित गरी हराइरहेका मूर्ति र अस्तुधातु जस्ता बहुमुल्य सामग्रीहरु खोजी गरी संरक्षणको काम तत्काल थाल्नुपर्छ ।'

तत्कालीन लुम्बिनीबासी, हाल शुद्दोधन गाउँपालिका कपिलवस्तुका पूर्वअध्यक्ष नेसार अहमद खाँका अनुसार 'बुद्ध जन्मभूमि लुम्बिनी सम्पदाका अवैतनिक पहरेदार त्यहाँका स्थानीयवासीलाई २०३१ को दशकमा लुम्बिनी विकास कोषले घरजग्गाबिहीन बनाई भगाएपछि मात्र प्राचीन धार्मिक चीजवस्तुहरु हराउने र हिन्दू पुजारीबाट पूजापाठ गर्ने सदियौँको परम्परा तोडिएको थियो ।' लुम्बिनी सांस्कृतिक नगरपालिकाका पूर्वप्रमुख मनमोहन चौधरीले भने, 'लुम्बिनीबाट हराइरहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको खोजी हुनैपर्छ ।'

नेपाल सरकार र लुम्बिनी विकास कोषले ती सम्पदाहरुको संरक्षण–प्रवद्र्धनका लागि स्थानीय विज्ञ, खोजकर्तालाई प्रयोग गर्नुपर्ने उनको सुझाव छ । लुम्बिनी बिकास कोषका प्रमुख पुरातत्वबिद हिमाल उप्रेतीले उत्खननका समयमा मायादेबी मन्दिर र परिसरमा रहेका केही मूर्ति र सामाग्रीहरू लुम्बिनी स्थित सङ्ग्रहालयमा त केही छाउनी सङ्ग्रहालय काठमाडौंमा रहेको बताए । 'हराइरहेका मुख्य चार थान मूर्ति, अस्तुधातु तथा सामग्रीहरुको खोजी भइरहेको छ', उनले भने, 'अब सबै सामग्री सङ्ग्रहालयमा स्थापित गरिनेछन् ।'

लुम्बिनी बिकास कोषका सूचना प्रमुख हरिध्वज राइले प्राचीन मन्दिरमा रहेको पीपल बोटको जराले मौर्यकालीन एन्टिक इँटाहरूलाई नष्ट गरिरहेकाले युनेस्को र पुरातत्वविद्हरुको सल्लाहअनुसार नै हटाइएको बताए । हराइरहेका मूर्तिहरु, अस्तुधातुबारे सदस्य सचिव सानुराजा शाक्यले आफूलाई जानकारी नभएको भन्दै खोजी गर्ने जनाए । यसअघिका सदस्य–सचिव अजितमान तामाङको प्रतिक्रया पनि उनीसित मिल्दो छ ।

सन् १९७० मा संयुक्त राष्ट्रसङ्घको अगुवाइमा लुम्बिनीको विकासका लागि अन्तर्राष्ट्रियस्तरको एक समिति गठन भएको थियो । समितिले त्यसैवर्ष जापानी वास्तुकलाविद् प्रोफेसर केन्जो टाङ्गेलाई लुम्बिनी विकासको गुरुयोजना बनाउन नियुक्त गरेको थियो ।

प्रो.टाङ्गेले बनाएको गुरुयोजनालाई सन् १९७८ मा सरकारले स्वीकृति दिएको थियो । लुम्बिनी विकास कोष ऐन, २०४२ मा कोषको गुरुयोजना कार्यान्वयन गर्न तथा रूपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा छरिएर रहेका विभिन्न बौद्ध तीर्थस्थलहरूको अन्वेषण, उत्खनन्, जीर्णोद्धार तथा संरक्षण–प्रवद्र्धन गर्नका लागि तत्कालीन सरकारबाट कोषको गठन भएको थियो । लुम्बिनी विकास कोषका उपाध्यक्ष एवम् बौद्ध भिक्षु डा ल्यारक्याल लामाले बुद्ध जन्मस्थल लुम्बिनीबाट हराइरहेका मूर्तिहरु र तथागत भगवान् बुद्धको अस्तुधातुलगायत बहुमुल्य सामग्रीबारे चिन्ता व्यक्त गरे । उनले त्यसबारे सत्यतथ्य खोजी पारी लुम्बिनीमै पुनःस्थापित गर्ने प्रतिबद्धता जनाए । रासस

# आँधीमूलको कृत्रिम तालमा डुङ्गा शयर गर्न पाइने



**दमौली ।**
तनहुँको आँबुखैरेनी गाउँपालिका–१ यान्चोकस्थित आँधीमूलमा निर्माणाधीन कृत्रिम तालमा डुङ्गा शयर गर्न पाइने भएको छ । आँबुखैरेनी गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित यहाँ कृत्रिम ताल निर्माण गरिरहेको छ । मूलको पानी जम्मा गरेर कृत्रिम ताल निर्माणको काम अगाडि बढेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । उनले भने, 'तालले आकार लिन थालिसकेको छ । तालको पूरै काम सकिएपछि यहाँ डुङ्गा शयर गर्न सकिनेछ । यस ठाउँमा 'वाटर फन पार्क' बनाउने लक्ष्य छ ।'

आँधीमूलमा प्रसिद्ध मन्दिरसमेत रहेकाले धार्मिक पर्यटनलाई जोडेर यहाँ पर्यटकीय गतिविधि सञ्चालन गर्ने लक्ष्य लिइएको अध्यक्ष चुमानको भनाइ छ । उनले भने, 'आँधीमूल आफैँमा प्रसिद्ध धार्मिकस्थल हो । यहाँ विभिन्न ठाउँबाट धार्मिक पर्यटकसमेत आउनुहुन्छ । धार्मिक पर्यटनलाई जोडेर यस ठाउँको विकास गर्न चाहेका छौँ ।' यहाँ १५ रोपनी क्षेत्रफलमा कृत्रिम ताल निर्माणको काम भइरहेको छ । ताल निर्माणका लागि चालु आर्थिक वर्षमा ४० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यहाँ ताल निर्माण गरी पानीमा सञ्चालन गर्न सकिने पर्यटकीय क्रियाकलाप सुरु गर्ने लक्ष्य रहेको अध्यक्ष चुमानको भनाइ छ । उनले भने, 'यहाँ पैदलमार्गलगायत अन्य पर्यटकीय पूर्वाधार पनि बनाउँछौँ । तालबाट विद्युत् उत्पादनको लक्ष्य छ ।' विद्युत् उत्पादनका लागि निजी क्षेत्रसँग साझेदारी गरी काम गर्ने सोच रहेको छ । गाउँपालिकाले तनहुँ जलविद्युत् आयोजनाका पदाधिकारीसँग तालबाट निकाल्ने सकिने विद्युत्का विषयमा एक चरणको छलफल गरिसकेको छ । आँधीमूल धार्मिक तथा पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास हुन थालेको छ । आँधीमूल व्यवस्थापन समितिका अध्यक्ष हिमाल थापाका अनुसार यहाँ आन्तरिक पर्यटकको आकर्षण बढ्दो छ । आँधीमूलमा रहेको मन्दिरमा पूजाआजा तथा घुम्नका लागि विभिन्न ठाउँबाट पर्यटक आउने गरेको थापाले बताए ।

आँधीमूल मन्दिर परिसरमा रहेको पोखरीको माछा मरेमा अनिवार्य रूपमा काजकिरिया गर्नुपर्ने संस्कार तथा प्रचलन रहेको बताइन्छ । पोखरीमा रहेका माछा मरेमा पुजारीले निकालेर खाल्डो खनेर अन्त्येष्टि गरिँदै आएको थापाले बताए । प्राचीनकालदेखि नै यहाँस्थित रुखको फेदमा आँधीमूल बाराहीको पूजा गरिँदै आइएकामा २०३५ सालमा स्थानीय पाकुली परियारको विशेष सक्रियतामा मन्दिर निर्माण गरिएको थियो । परापूर्वकालदेखि नै हरिबोधनी एकादशीका दिन फूलको डोली ल्याएर विसर्जन गर्ने एवम् मन्दिर परिसरमा तोरण टाङ्गने कार्य चलिआएको छ । जल, जङ्गल, जमिनलाई पुज्दै आएका स्थानीय मगर समुदायले खेतबारीमा बाली लगाउने र भित्र्याउने समयमा पनि पूजाआजा गर्ने गरेका छन् । पृथ्वीराजमार्गदेखि साढे दुई किलोमिटरको दूरीमा आँधीमूल रहेको छ । हाल नौ सय मिटर सडक कालोपत्र सम्पन्न भएको आँबुखैरेनी गाउँपालिकाले जनाएको छ । आँधीमूलमा रहेको मन्दिर, २३ वटा धारालगायतले यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको छ । यहाँ ठूलो एकादशीका दिन पनि विशेष मेला लाग्ने गरेको छ । आँधीमूल मन्दिरको दर्शन गरे मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको पाइन्छ । आँधीमूलस्थल रमणीय भएकाले पूजाअर्चनाका साथै वनभोजका लागि मानिस टाढाटाढादेखि आउने गर्छन् । यो मन्दिरमा साउन महिना र औँसीबाहेकका सबै दिनमा पूजा हुने गर्छ । आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बलि दिने प्रचलन छ । रासस

# मधेशमा सरकारी कामकाजको भाषा चाँडै लागु हुन्छः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिश सिंहले सरकारी कामकाजको भाषा चाँडै लागु हुने बताएका छन् । सरकारी कामकाजको भाषाको बारेमा ध्यानाकर्षण गराउन पुगेको इन्टेलेक्चुअल फाउन्डेसन नेपालका प्रतिनिधिसँग मुख्यमन्त्री सिंहले सो कुरा बताएका हुन् । मधेश प्रदेशमा कुन कुन भाषा सरकारकी भाषा हुने भनेर चाँडै नै लागु हुने मुख्यमन्त्री सिंहले बताए । सरकारले मैथिली, भोजपुरी, बज्जिकालगायत आठ वटा भाषाको नामावली तयार गरेको छ ।

त्यसमध्ये नै सरकार कामकाजको भाषा प्रयोगमा ल्याउने तयारीमा सरकार रहेको इन्टेलेक्चुअल फाउन्डेसन नेपाल, सप्तरीका अध्यक्ष डा सूर्यप्रसाद यादवले बताए । यद्यपि भाषा आयोगले मधेश प्रदेशका लागि सरकारी कामकाजका भाषाका लागि मैथिली, भोजपुरी र बज्जिका सिफारिस गरेको छ । इन्टेलेक्चुअल फाउन्डेसन नेपालले सरकारी तथ्याङ्क हेर्दा मधेस प्रदेशको शैक्षिक अवस्था निराशाजनक अवस्थामा रहेको ध्यानाकर्षण गराएको छ ।

# एकता नहुँदा वैश्य समुदाय राजनीतिमा पछाडि परेको छः साह

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
शनिबार हंसपुर नगर समितिको शपथ ग्रहण कार्यक्रम नेपाल वैश्य कल्याण महासंघ धनुषाले श्याम साहको अध्यक्षतामा आयोजना गरेको थियो ।

सपथ ग्रहण समारोहमा प्रमुख अतिथि नेपाल सरकारका पूर्व संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता साह थिइन् । प्रमुख अतिथिका रुपमा बौल्दे उनले वैश्य समुदायमा एकताको अभाव रहेको बताइन् । उनले भनिन्, 'हामी सबै राजनीतिमा लाग्यौं । मधेशमा वैश्य उपजातिको संख्या सबैभन्दा बढी छ र हामी सबै आपसमा विभाजित छौं । अब सबै वैश्य एकजुट हुने बेला आएको छ । वैश्य समुदायमा महिला शिक्षाको अभाव छ ।'

संविधानसभा सदस्य एवम् पूर्वमन्त्री अरविन्द साहले कुनै पार्टीको पिछलग्गू नभएर समुदायको हितमा काम आग्रह गरे ।

नेपाल वैश्य कल्याण महासङ्घका राष्ट्रिय अध्यक्ष अमरनाथ गुप्ताले वैश्यका सबै उपजातिहरूबीच रोटी र बेटीको सम्बन्ध स्थापना गर्नेमा जोड दिए ।

त्यसपछि मात्र वैश्य एकता स्वतः स्थापित हुने उनको भनाई छ । शपथ ग्रहण समारोहमा नेपाल वैश्य कल्याण महासंघका केन्द्रीय सदस्य कुशेश्वर साह, नेपाल तेली कल्याण समाजका पूर्व राष्ट्रिय उपाध्यक्ष रामबाबु साह, नेपाल तेली कल्याण समाजका पूर्व अध्यक्ष धनुषा लक्ष्मी साह, नेपाली कांग्रेसका नेता सुशील साह, शिवकुमार साह लगायतको सहभागिता रहेको थियो ।

# जिप्रका पर्साद्वारा भाडाका सटर खाली गर्न निर्देशन




**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साको प्रवेशद्वारमा सेवाग्राही मर्कामा परेसँगै भाडाका सटर खाली गराउन सार्वजनिक सूचना जारी गरिएको छ ।

कार्यालयले सार्वजनिक सूचना गरेर कार्यालय प्राङ्गणमा रहेका पाँच भाडाका सटर खाली गराउन ३५ दिने सूचना जारी गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले कार्यालयमा सेवाग्राहीको अत्यधिक चाप र नागरिकलाई निर्वाध सरलीकृत सेवा वितरण गर्नका लागि भाडाका सटर खाली गराउन लागेको जानकारी दिए ।

'कार्यालयमा अत्यधिक सेवाग्राहीको चापको कारणले कार्यालयका लागि कोठाको अभाव कायमै रह्यो', उनले भने, 'कार्यालय प्राङ्गणभित्रै राहदानी, राष्ट्रिय परिचयपत्र लगायतका निःशुल्क फर्म भर्नका लागि ठाउँ चाहिएकाले पनि सटर खाली गर्न लागेका हौं ।'

जिल्ला प्रशासन कार्यालय र कर्मचारी मिलन केन्द्रले कार्यालयको प्रवेशद्वारमा नै पाँच सटर भाडामा लगाएको थियो । कार्यालयको प्राङ्गणमा अर्जेन्ट साइबर, न्यू क्वालिटी प्रिन्टर्स एण्ड नाइनल स्टाम्प र तीन सटर फोटो फेस डिजिटल स्टुडियोले भाडामा लिँदै आइरहेको थियो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले प्रजिअको जिम्मेवारी सम्हालेसँगै कार्यालय परिसरमा रहेका बिचौलियाको अन्त्य गर्दै कार्यालय परिसरभित्रै निःशुल्क रुपमा राहदानी र राष्ट्रिय परिचयपत्र लगायतका अनलाइन फारम भर्ने व्यवस्था मिलाउने बताएका छन् ।

# महानगरद्वारा प्रविण र साहको सम्मान



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली महिला टोलीलाई विश्वकप क्रिकेटसम्मको यात्रामा योगदान पुऱ्याउने वीरगंजकी क्रिकेट खेलाडी साना प्रविण र यस वर्षको एसईई परीक्षामा पर्सा जिल्ला प्रथम भएकी रिया साहलाई वीरगंज महानगरपालिकाले एक कार्यक्रमकाबीच सम्मान गरेको छ । महानगरपालिकाले नेपाली क्रिकेट टोलीकी खेलाडी वीरगंजकी प्रविणलाई नगद ५१ हजार रुपैयाँ सहित सम्मान गरेको हो । यस्तै रिया साहलाई उनको उच्च शिक्षा अध्ययनमा थप हौसला प्रदान गर्न ल्यापटप सहित सम्मान गरेको छ । प्रविणले भर्खरै सम्पन्न यू–१९ टी–२० महिला एसिया क्वालिफायरमा थाइल्याण्ड विरुद्धको खेलमा अर्धशतक प्रहार गर्दै नेपालको कीर्तिमानी साझेदारी गरेकी थिइन् भने फाइनल खेलमा पनि नटआउट रहँदै टोलीलाई जिताएकी थिइन् । यस्तै २०८० सालको माध्यमिक शिक्षा परिक्षा (एसईई) मा पर्सा जिल्लामै सर्वोत्कृष्ट अंक ३.९७ जीपीए ल्याएर रिया साह उत्तीर्ण भएकी हुन् । दुवै जनालाई महानगरपालिकाका प्रमुख राजेशमान सिंह र उपप्रमुख इम्तियाज आलमले संयुक्त रुपमा नगद र ल्यापटप हस्तान्तरण गरेका थिए । कार्यक्रममा आफ्नो धारणा राख्दै महानगरप्रमुख र उपप्रमुखले विभिन्न क्षेत्रमार्फत वीरगंजको पहिचान र गरिमा बृद्धि गर्ने व्यक्तिलाई प्रोत्साहन र सम्मान गर्ने नीति महानगरको रहेको बताए ।

# यु–१९ क्रिकेट टोलीमा वीरगंजका कुमार सहभागि



**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी यू–१९ एसिया कप क्रिकेटका लागि नेपाल क्रिकेट संघ (क्यान)ले घोषणा गरेको नेपाली राष्ट्रिय टिममा वीरगंजका क्रिकेटर रन्जित कुमार समावेश भएका छन् । युएईमा यहि मंसिर १४ गतेदेखि शुरु हुन गइरहेको यू–१९ एसिया कप क्रिकेटका लागि क्यानले आइतबार हेमन्त धामीको कप्तानीमा १५ सदस्यिय राष्ट्रिय टिम घोषणा गरेको हो । जसमा वीरगंज महानगरपालिका वडा नम्बर १२ निवासी रन्जित कुमारपनि पर्न सफल भएका हुन् । वीरगंज नेशनल इन्फोटेक(एनआई) कलेजमा अध्ययनरत बाँया हाते बलर रन्जित कुमार नेपालको ए टिमबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी जनाइसकेका छन् । सामान्य परिवारका रन्जित कुमारलाई एनआई कलेजले पूर्ण छात्रवृतिमा अध्ययन गराइरहेको छ । पर्सा क्रिकेट संघका प्रशिक्षक प्रकाश शर्माबाट प्रशिक्षित रन्जित कुमार वीरगंजको प्रतिनिधित्व गर्दै मधेश प्रदेशको टिमबाट पनि विभिन्न प्रतियोगिता खेलिसकेका छन् । मंसिर १४ गतेदेखि युएईमा आयोजना हुन गइरहेको यू–१९ एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल समुह बी मा रहेको छ । उक्त समुहमा श्रीलंका, बंगलादेश र अफगानिस्तान पनि छन् । नेपालले आफ्नो पहिलो खेल मंसिर १४ मा श्रीलंकासँग खेल्नेछ ।

# तेक्वान्दो प्रतियोगितामा जिवनज्योतीले जित्यो सर्वाधिक पदक

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्ला स्तरीय अन्तर विद्यालय तेक्वान्दो प्रतियोगितामा जिवनज्योती मा. वि सर्वाधिक पदक जितेर सर्वोत्कृष्ट भएको छ ।

जिवनज्योतीले ६ स्वर्ण, २ रजत र ४ कास्य गरि कुल १२ पदक जितेर उत्कृष्ट स्थान हासिल गरेको हो । जिवनज्योतीका विद्यार्थीले उत्कृष्ट खेल प्रस्तुत गर्दै प्रतिद्वन्द्वीलाई पराजित गरेका थिए ।

आफुहरुले प्राप्त गरेको नतिजाले थप उत्साह थपिएको र विद्यालयको गरिमा समेत बढेको सहभागी अमित साहले बताए ।

जिवनज्योतीको तर्फबाट जुनियर र सिनियर गरि कुल १८ जनाको टिम सहभागी रहेको थियो ।

आफ्नो विद्यार्थीले प्राप्त गरेको सफलताले हर्शित हुनुको साथै विद्यालयको पहिचान वृद्धि भएको संचालिका मिनाक्षी गुप्ताले बताइन् । विद्यालयले स्तरीय पढाइको साथै अतिरिक्त क्रियाकलापमा विशेष ध्यान दिएको उनले बताइन् ।

# जीतपुरसिमराका प्रमुख प्रशासकीय अधिकृत काफ्लेको रिट खारेज

मधेशदृष्टि
वीरगंज ।
सर्वोच्च अदालतले बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सरुवा रोक्न उर्मिला काफ्लेलेको रिट खारेज गरिदिएको छ । प्रमुख प्रशासकीय अधिकृतले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका विरुद्धमा दिएको अदालतको अवहेलनाको अर्को रिट माग दाबी नपुगेको भन्दै अदालतले खारेज गरेको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत साउन ३ मा काफ्लेको काज फिर्ता गर्दै चेतकुमार पोखरेललाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा पठाएको थियो । उक्त निर्णयका विरुद्धमा काफ्लेले सर्वोच्च अदालतमा दिएको रिटको सुनवाई गर्दै न्यायाधीश हरिप्रसाद फुयाल र बालकृष्ण ढकालको संयुक्त इजलासले खारेज गरेको हो ।

त्यसैगरी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले रिक्त सहसचिवको दरबन्दीमा मन्त्रालयका सहसचिव वीरेन्द्र भारतीलाई भदौ २७ मा पठाउने निर्णय गरेको थियो । सहसचिवको दरबन्दीमा कार्यरत उपसचिव उर्मिला काफ्लेले उक्त निर्णयको विरुद्धमा पनि सर्वोच्च अदालतको अवहेलना भएको भन्दै अर्को रिट दर्ता गराएकी थिइन । उक्त रिटको सुनवाई गदै रिटमा मागदावी नपुगेको भन्दै सर्वोच्च अदालतले खारेज गरेको हो । दुवै रिट न्यायाधीश हरिप्रसाद फुयाल र बालकृष्ण ढकालको संयुक्त इजलासले नै खारेज गरेको हो ।

सर्वोच्च अदालतले रिट खारेज गरेसँगै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाउनका लागि बाटो खुला भएको छ भने उपसचिव उर्मिला काफ्लेले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी छोडेर फर्किनुपर्ने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पछिल्लो निर्णयले बिरेन्द्रदेव भारतीलाई सहसचिबको दरबन्दिमा पठाउने निर्णय गरेकोले मन्त्रालयले पुनः भारतीलाई पठाउने सम्भावना छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन